म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १२५ आइतबार, ६ पुस २०८२ ने. सं. ११४६ पोहेलाथ्व 21 December 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बैकुण्ठवासी आमाको स्मृतिमा मामाघरमा रात्रिखाना

हेटौंडा, ५ पुस/सडक बालबालिकाको संरक्षण तथा व्यवस्थापनमा सक्रिय मामाघर नेपाल मकवानपुरलाई हेटौंडा-११ निवासी डा. निलम सुवेदी र उनका भाइ असेसकुमार सुवेदीले पितृश्राद्धको अवसरमा रात्रिखाना सेवा प्रदान गरेका छन् ।

उनीहरुले बैकुण्ठवासी माता स्व. सुभद्रा सुवेदीको पितृश्राद्धको अवसर पारेर मामाघरमा आश्रित सडक बालबालिकालाई सप्रेम रात्रिखाना उपलब्ध गराएका हुन् । कार्यक्रममा मामाघर नेपाल मकवानपुर परिवारले दुवै दाताप्रति आभार व्यक्त गर्दै बैकुण्ठवासी आमाको आत्माको चिरशान्तिको कामना गरेको छ ।

मामाघर नेपाल मकवानपुरले सडक बालबालिकामुक्त समाज निर्माण गर्ने अभियानमा यस्ता सामाजिक तथा मानवीय सहयोगले महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरेको छ ।

### सवारी चेकजाँचका क्रममा ११ लाख ८९ हजार रुपैयाँ राजस्व संकलन

## मंसिर महिनामा ८८ मुद्दा दर्ता, ४५ फछ्र्यौट



साझाकुरा संवाददाता

हेटौंडा, ५ पुस/जिल्ला प्रहरी कार्यालय मकवानपुरमा मंसिर महिना मात्रै ८८ वटा विभिन्न प्रकृतिका अपराधका घटना दर्ता भएको छ ।

चालु आर्थिक वर्ष २०८२/८३ को मंसिर महिनामा जिल्लामा भएका विभिन्न गतिविधि तथा प्रगति प्रेस विज्ञप्तीमार्फत सार्वजनिक गर्दै मकवानपुर प्रहरीले यो जानकारी दिएको हो । प्रेस विज्ञप्तीअनुसार दर्ता भएका ८८ वटा मुद्दामध्ये ४५ वटा फछ्र्यौट भएका छन् भने ४३ वटा मुद्दा अनुसन्धानकै क्रममा रहेका छन् । एउटा कर्तव्य ज्यान, २ वटा सवारी ज्यान, ४ वटा चोरी, १६ वटा अभद्र व्यवहार, एउटा बहुबिबाह र एउटा विद्युतीय अपराधका मुद्दा फछ्र्यौट भएका छन् । ठगीको एउटा, बैकिङ कसुरको १२ वटा, लागूऔषधसम्बन्धी २० वटामध्ये १८ वटा र आपराधिक उपद्रवका ९ मध्ये २ वटा मुद्दा फछ्र्यौट भएका छन् ।

एउटा जबरजस्ती करणी, ६ वटा आत्महत्या र फुटकर तथा भवितव्यका ११ वटा मुद्दा फछ्र्यौट हुन बाँकी रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । घरेलुहिंसासम्बन्धी १९ वटा उजुरी परेकोमा १० वटा मिलापत्र गरिएको छ भने एउटा मुद्दा अदालत पठाइएको छ । यस्तै, १६ वटा सवारी दुर्घटना भएका छन् । दुर्घटनामा परी ४ जनाको मृत्यु भएको छ भने केही घाइते भएका प्रहरीले जनाएको छ । सवारी चेकजाँचका क्रममा एक हजार २५१ वटा सवारी साधनलाई कारबाही गरी ११ लाख ८९ हजार रुपैयाँ राजस्व संकलन गरिएको छ ।

प्रत्यक्ष रुपमा प्रहरी कार्यालयमा परेका ८४ वटा उजुरीमध्ये ७१ वटा फछ्र्यौट गरिएको छ भने जिल्ला प्रशासन कार्यालय मार्फत् आएका २७ वटा उजुरीमध्ये १६ वटा फछ्र्यौट भएका छन् । महिला, बालबालिका तथा ज्येष्ठनागरिकसम्बन्धी ३९ वटा उजुरी दर्ता भएका छन् । तीमध्ये २५ वटा फछ्र्यौट भएका छन् । मंसिर महिनामा प्रहरीले चालु मुद्दाका फरार प्रतिवादीहरु ६३ जनालाई पक्राउ गरेको छ । सार्वजनिक चासोका पेण्डिङ मुद्दामा पनि सफल अनुसन्धान तथा कारबाही भएको प्रहरीले जनाएको छ । मंसिरमा सम्पत्ति शुद्धीकरणसम्बन्धी भने कुनै मुद्दा दर्ता नभएको प्रहरीले जनाएको छ ।

मंसिर महिनामा अदालतबाट भएका फैसला कार्यान्वयनका क्रममा १९ जना पक्राउ परेका छन् । उनीहरुबाट ९ वर्ष २ महिना १० दिन कैद सजाय कार्यान्वयन गरिएको छ भने ३ लाख १३ हजार ५ सय रुपैयाँ जरिवाना असुल गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । मंसिर महिनामा ११ महिला, ३ पुरुष, १० बालबालिका र एक जना ज्येष्ठनागरिक गरी जम्मा २५ जना हराएको उजुरी परेको थियो । तीमध्ये ६ महिला, एक पुरुष, ८ बालबालिका र एकजना ज्येष्ठनागरिक गरी १६ जना फेला परेका छन् । बाँकीको खोजीकार्य जारी रहेको प्रहरीले जनाएको छ ।

मंसिर महिनामा प्रहरीले ठूलो मात्रामा लागूऔषध बरामद गरेको छ । प्रहरीले लागूऔषधमा ५ सय ५० किलो ८ सय १० ग्राम गाँजा, २९ ग्राम ३ सय ८२ मिलिग्राम खैरोहेरोइन, १६ हजार १ सय ६७ क्याप्सुल ट्रामाडोल, ४० ट्याब्लेट एन्टिकफ र १० ट्याब्लेट स्टागनसहित २ जना महिला, २ जना तेस्रोलिंगी र २५ जना पुरुष गरी २९ जनालाई पक्राउ गरेको छ । यसैबीच, प्रविधिसँग सम्बन्धित अपराध नियन्त्रणतर्फ पनि प्रहरीले सक्रियता देखाएको छ । विवरण अनुसार हराएका ६६ वटा मोवाइल मध्ये ७ वटा मोवाइल फेला पारेको छ । अनलाइन ठगीका २२ वटा उजुरीमध्ये एउटा फछ्र्योट भएको छ भने साइबर अपराधसम्बन्धी ४ वटा उजुरी दर्ता भएका छन् ।

मकवानपुरमा ६ वटा आत्महत्याका घटना भएका छन् । तीमध्ये ३ वटा झुण्डिएर र ३ वटा विष सेवन गरी ४ पुरुष र २ महिलाले आत्महत्या गरेको प्रहरीले जनाएको छ । उमेर समूहअनुसार २५ देखि ४० वर्ष समूहका एकजना र ४० देखि ६० वर्ष समूहका ५ जना रहेका छन् । अवैध गतिविधि अन्तर्गत मनहरी गाउँपालिका-६ बाट २ वटा भरुवा बन्दुक बरामद गरेको छ । यस्तै, अवैध भन्सारछली नियन्त्रणका क्रममा ४ करोड ८७ लाख ७३ हजार ७५५ रुपैयाँ बराबरका सामानसहित २ जना पक्राउ गरेको छ भने एउटा सवारी साधन नियन्त्रणमा लिएको छ ।

मंसिर महिनामा अनुचित लेनदेन नियन्त्रणसम्बन्धी कुनै निवेदन दर्ता नभएको र मिलापत्र वा फछ्र्यौटबाट रकम वा घरजग्गा फिर्ता भएको विवरण नरहेको प्रहरीले जनाएको छ । मंसिर महिनामा आगलागीका ३ वटा घटनामा ३ घर र १ गोठ पूर्णरुपमा क्षति भएको छ । प्राकृतिक सम्पदा दोहन नियन्त्रणतर्फ नदीजन्यपदार्थ उत्खननमा संलग्न एउटा स्काभेटर, १० वटा टिपर र १९ वटा ट्याक्टर गरी जम्मा ३० वटा सवारी साधनलाई कारबाही गर्दै २ लाख ५१ हजार २७३ रुपैयाँ दण्ड जरिवाना असुल गरिएको प्रहरीले जनाएको छ ।

समुदाय-प्रहरी साझेदारी अन्तर्गत् मकवानपुरको ६३ स्थानमा विभिन्न किसिमका कार्यक्रमको आयोजना गरिएको थियो भने सचेतनामूलक कार्यक्रम २५ वटा विद्यालयमा सञ्चालन गरिएको छ । अपराध रोकथाम तथा न्यूनीकरणका लागि प्रहरी परिचालन, नियमित गस्ती तथा निगरानी, अपराध सम्बन्धी सूचना संकलन, रात्रिगस्ती तथा संवेदनशील क्षेत्रमा विशेष निगरानीलाई प्राथमिकतामा राखेको जनाएको छ । साथै, समुदाय तथा विद्यालय केन्द्रित जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आपराधिक गतिविधि नियन्त्रणमा जोड दिएको छ ।

मंसिर महिनामा बन्द तथा हड्ताल नभए पनि ४ वटा विरोध कार्यक्रममा १०९ जना प्रहरी परिचालन गरिएको थियो । यस्तै, मूर्ति विसर्जन, मेलापर्व तथा जात्राका अवसरमा २३० जना प्रहरी परिचालन गरी कुनैपनि गैर कानुनी गतिविधि हुन नदिई कार्यक्रम सम्पन्न गराइएको प्रहरीले जनाएको छ । यस्तै, शान्तिसुरक्षा कायम गर्न एक महिनाको अवधिमा १ हजार ३५१ वटा पिकेट, १ हजार १२० वटा सवारी तथा व्यक्तिको चेकिङ, ५८ वटा मोवाइल रोड पेट्रोल, २ वटा लोकल रोड पेट्रोल र २९७ वटा विशेष रोड पेट्रोल परिचालन गरिएको छ ।

हेटौंडाको सडक विस्तार कार्यका क्रममा सम्भावित विवाद र अव्यवस्था रोक्न प्रहरी उपरीक्षकको कमाण्डमा ५०३ जना प्रहरी परिचालन गरी सुरक्षा व्यवस्था मिलाइएको थियो । प्रहरी परिचालन तथा कारबाहीका क्रममा कुनैपनि मानवीय वा भौतिक क्षति नभएको जनाइएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरले समुदाय-प्रहरी साझेदारीलाई सुदृढ बनाउने उद्देश्यले विभिन्न कार्यक्रम तथा गतिविधिहरु सञ्चालन गरेको छ भने सार्वजनिक/नागरिक सुनुवाइ कार्यक्रम आयोजना हुन नसकेको जनाइएको छ । सीमान्तकृत, अल्पसंख्यक तथा पिछडिएका वर्ग लक्षित कार्यक्रम अन्तर्गत अल्पसंख्यक समुदायका ३२ जना सहभागीसहित ३ वटा कार्यक्रम सञ्चालन गरिएको छ ।

मकवानपुर प्रहरीले पछिल्लो अवधिमा नागरिकता, हातहतियार नवीकरण तथा अन्य कागजातका लागि कुल ४९ वटा मुचुल्का तयार गरिएको प्रहरीले जनाएको छ । त्यसैगरी, प्रहरी कार्यालयको हटलाइन तथा डिएसपी/डिएओको सम्पर्क नम्बरमा मातहत कार्यालयमा १२ हजार ५ सय वटा फोनकल प्राप्त भएका छन् । नागरिक सहायता कक्षबाट कुल २ हजार ७ सय ७१ जना सेवाग्राहीले सेवा लिएका छन् ।

## मयूरधाप औद्योगिक क्षेत्र सहकार्यमा निर्माण तथा सञ्चालन गरिने




साझाकुरा संवाददाता

हेटौंडा, ५ पुस/सार्वजनिक निजी साझेदारीमार्फत हेटौंडाको मयूरधाप औद्योगिक क्षेत्र सहकार्यमा निर्माण तथा सञ्चालन गरिने भएको छ ।

मयुरधाप औद्योगिक क्षेत्र सहित चितवनको शक्तिखोर औद्योगिक क्षेत्र र रुपन्देहीको मोतीपूर औद्योगिक क्षेत्र पनि निर्माण तथा सञ्चालन गरिनेछ । नेपाल उद्योग परिसंघ र नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडबीच ती औद्योगिक क्षेत्र निर्माण एवं सञ्चालन गर्ने विषयमा शुक्रबार समझदारी भएको हो । हेटौंडाको मयुरधाप र रुपन्देहीको मोतीपुर औद्योगिक क्षेत्र निर्माण तथा सञ्चालनका लागि सहकार्य हुनेछ । सरकारले घोषणा गरेको औद्योगिक क्षेत्र सार्वजनिक निजी साझेदारी अवधारणमा निर्माण तथा सञ्चालन गर्ने गरी समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका महाप्रबन्धक पदम ओलीको उपस्थितिमा परिसंघको तर्फबाट महानिर्देशक डा. घनश्याम ओझा र बैंकको तर्फबाट सहायक प्रमुख कार्यकारीअधिकृत सूर्यबहादुर तामाङले हस्ताक्षर गरेको परिसंघले जनाएको छ । सरकारले सार्वजनिक निजी साझेदारी अवधारणामा औद्योगिक क्षेत्र निर्माण तथा सञ्चालन गर्न दिने घोषणा गरे अनुसार सीएनआईले औद्योगिक क्षेत्र निर्माणका लागि निफ्रासँग समझदारी गरेको हो । यो समझदारीसँगै सार्वजनिक निजी साझेदारी अवधारणामा निजी क्षेत्रलाई औद्योगिक क्षेत्र निर्माण तथा सञ्चालन गर्न दिन सरकारलाई संयुक्तरुपमा प्रस्तावसँगै आग्रह गरिनेछ ।

सो अवसरमा सीएनआईका अध्यक्ष वीरेन्द्रराज पाण्डेले औद्योगिक क्षेत्र निर्माण एवं सञ्चालनका लागि निफ्रासँग समझदारी गरी सुरुवातीको काम गर्न लागिएको बताए । बैंकका प्रमुख कार्यकारीअधिकृत कृष्णबहादुर अधिकारीले औद्योगिक क्षेत्र निर्माण सम्बन्धमा सीएनआइसँग भएको यो समझदारीलाई निफ्राले प्रस्थान विन्दुको रुपमा लिएको बताए । उनले परिसंघसँगको सहकार्यमा सार्वजनिक निजी साझेदारी अवधारणामा अगाडि लैजान सकिने बताए । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका महाप्रबन्धक ओलीले सरकारले सार्वजनिक निजी साझेदारी अवधारणामा निजीक्षेत्रलाई पनि औद्योगिक क्षेत्र निर्माण तथा सञ्चालन गर्न दिने भनेकाले यो समझदारीले राम्रो सन्देश गएको बताए ।

## नौलोविहानी कृषि सहकारीको साधारणसभा



साझाकुरा संवाददाता

हेटौंडा, ५ पुस/हेटौंडा-६ चौघडामा रहेको नौलोबिहानी कृषि सहकारी संस्थाको १५ औ वार्षिक साधारणसभा शनिवार सम्पन्न भएको छ ।

बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठको प्रमुख आतिथ्यता एवम् सहकारी अध्यक्ष विष्णुप्रसाद ढुंगानाको सभाध्यक्षतामा साधारणसभा भएको हो । साधारण सभामा संस्था अध्यक्ष ढुंगानाले संस्थागत प्रतिवेदन, उपाध्यक्ष जयराम घिमिरेले ऋण उपसमितिको प्रतिवेदन, कोषाध्यक्ष देवेन्द्र श्रेष्ठले आर्थिक प्रतिवेदन र लेखा संयोजक गोपालचन्द्र भट्टराईले लेखा समितिको प्रतिवेदन पेश गरेका थिए । साधारणसभामा उत्कट बचतकर्ता रन्जिता भेटवाल, उत्कृष्ट कारोवारी मीनाकुमारी केसी र नन्दलाल राई, ज्येष्ठशेयरसदस्य पुष्पसुन्दर श्रेष्ठ र एकैदिन सदस्य बन्ने जोडी सदस्यलाई पुरस्कृत गरिएको थियो ।

हेटौंडा-६ का वडासदस्य लेखराज ढकाल, संस्थाका संस्थापक अध्यक्ष राघव न्यौपाने, पूर्वअध्यक्ष राजेन्द्रप्रसाद चौलागाई, निवर्तमान अध्यक्ष भरत सापकोटा, बंशगोपाल दुग्ध सहकारी अध्यक्ष रामहरि चौलागाई, कामधेनु सहकारी अध्यक्ष उदय बिडारी, सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुर अध्यक्ष साधुराम चौलागाई, रानी सामुदायिक वनका अध्यक्ष केशव धिताल, संस्था सचिव नेत्रप्रसाद ढुङगेल, शेयर सदस्य, सञ्चारकर्मीलगायतको सहभागिता थियो । ४ सय ३३ जना शेयरसदस्य रहेको यो सहकारीको २०८२ असारसम्मको शेयरपूँजी ६५ लाख ५२ हजार, निक्षेप १ करोड ६१ लाख ८५ हजार, लगानी १ करोड ४९ लाख ६४ हजार रहेको संस्था ब्यवस्थापनक सरिता खतिवडाले बताइन् ।

### प्रधानमन्त्री कार्कीको एक सय दिन:

## तोकिएकै समयमा निर्वाचन गराउन सरकार दृढ



साझाकुरा संवाददाता

हेटौंडा, ५ पुस/प्रधानमन्त्री सुशीला कार्कीले तोकिएकै समयमा निर्वाचन गराउन सरकार दृढ रहेको बताएकी छिन् ।

सरकारको गठनको सयदिन पूरा भएको अवसरमा भिडिओ सन्देश जारी गर्दै प्रधानमन्त्री कार्कीले चुनाव सर्ने हल्ला भ्रमपूर्ण रहेको र तोकिएकै समयमा भयरहित वातावरणमा निर्वाचन गर्न सरकार दृढ रहेको बताएकी हुन् । निर्वाचनका लागि सरकारले आफ्नो तर्फबाट सम्पूर्ण तयारी पूरा गरेको र सुरक्षाको सवालमा कुनै कसर बाँकी नराख्ने उनको भनाई छ । आन्दोलनका क्रममा लुटिएका १ हजार ३४२ थानमध्ये अधिकांश हतियार बरामद गरिसकिएको उनले बताइन् । प्रधानमन्त्री कार्कीले निर्वाचन आयोगलाई आवश्यक ६ अर्ब ७३ करोड बजेट सुनिश्चित गरिएको र मतदाता नामावली ऐनमा संशोधन गरी निर्वाचनको मिति घोषणापछि पनि आठ लाख ३७ हजार नयाँ युवालाई मताधिकार सुनिश्चित गरेका बताइन् ।

प्रधानमन्त्री कार्कीले शक्तिका आडमा दबाउन खोजिएका अपराध र भ्रष्टाचारका प्रकरणमा अनुसन्धान गर्ने निकायले अहिले पूर्ण व्यावसायिक स्वतन्त्रताका साथ कारबाही अघि बढाएको दाबी गरिन् । जतिसुकै शक्तिशाली व्यक्ति वा पदाधिकारी भएपनि कानुनले उन्मुक्ति दिँदैन भन्ने मान्यता स्थापित गरेको पनि उनले प्रस्ट पारिन् । प्रधानमन्त्री कार्कीले एक सयदिनमा फजुलखर्च नियन्त्रण र वित्तीय सुशासनमा ठोस कदम चालिएको बताइन् । उनले मापदण्ड विपरीत खटिएका पाँच सय सुरक्षाकर्मी र सवारीसाधन फिर्ता गरी जनताको सेवामा परिचालन गरिएको जानकारी दिइन् ।

प्रधानमन्त्री कार्कीले समाजलाई छट्पटी र आक्रोशले केही हदसम्म बिथोल्ने प्रयास गरे पनि त्यसको भित्री सन्देशलाई सरकारले गम्भीरतापूर्वक लिएको बताइन् । उनले हरेक संकटको निकास सडकको हिंसाबाट होइन, संवाद र जनताको मतबाट खोज्नु जीवन्त लोकतन्त्रको सौन्दर्य भएको बताइन् । उनले क्षतिग्रस्त संरचनाको पुनर्निर्माणका लागि भौतिक पूर्वाधार पुनर्निर्माण कोषमार्फत काम थालिएको बताइन् । हेलो सरकार मार्फत ५० हजारभन्दा बढी गुनासा सम्बोधन गरिएको, राष्ट्रिय प्रसारण लाइनमा १ सय १ मेगावाट विद्युत थपिएको प्रधानमन्त्री कार्कीले बताइन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्यास रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# खर्च १० प्रतिशत मात्रै

जुनसुकै व्यवस्था वा जसले नेतृत्व गरेको सरकार आएपनि असारमा रातारात बजेट खर्च गर्ने परिपाटीको अन्त्य हुन सकेन । हिउँदभरि घाम तापेर बस्ने र असार लागेपछि रातारात काम गरेर बजेट सकाउने प्रबृत्ति पुरानै हो । सरकाले आम्दानीको दायरा बढाउन अध्ययन अनुसन्धान गर्न नसक्ने र बजेट असारमा मात्र खर्च गर्ने प्रबृत्ति नरोकिएसम्म परिवर्तन सम्भव छैन । चालु आर्थिक वर्षको ५ महिनामा बागमती प्रदेश सरकारले कुल बजेटको ९ दशमलब ८५ प्रतिशत मात्रै खर्च गरेको छ । अधिकृत संज्यालका अनुसार चालु आर्थिक वर्षका लागि प्रदेश सरकारले ६७ अर्ब ४७ करोड ७३ लाख २७ हजारको बजेट ल्याएकामा ५ महिनामा कुल बजेटको ९ दशमलव ८५ प्रतिशत अर्थात् ६ अर्ब ६४ करोड ६२ लाख ८ हजार खर्च भएको छ । जसमध्ये पुँजीगततर्फ १ अर्ब ८५ करोड ३६ लाख अर्थात ४ दशमलब ४७ प्रतिशत र चालुतर्फ ४ अर्ब ७९ करोड २५ लाख अर्थात १८ दशमलब ४१ प्रतिशत खर्च भएको हो । मन्त्रालयमध्ये सबै भन्दा बढी बजेट आर्थिक मामिला तथा योजना मन्त्रालयले २१ दशमलब ७८ प्रतिशत र सबैभन्दा कम संस्कृति तथा पर्यटन मन्त्रालयले १ दशमलब ४८ प्रतिशत खर्च गरेको छ ।

स्वास्थ्य मन्त्रालयले २० दशमलब ५४ प्रतिशत, श्रम, रोजगार तथा यातायात मन्त्रालयले १९ दशमलब ५५ प्रतिशत, सामाजिक विकास मन्त्रालयले १० दशमलब ७० प्रतिशत, युवा तथा खेलकुद मन्त्रालयले ४ दशमलब ८४ प्रतिशत, भौतिक पूर्वाधार विकास मन्त्रालयले ७ दशमलब १२ प्रतिशत, सहकारी तथा गरिबी निवारण मन्त्रालयले ९ दशमलब ६९ प्रतिशत खर्च गरेको छ । वन तथा वातावरण मन्त्रालयले ११ दशमलब ४९ प्रतिशत, आन्तरिक मामिला तथा कानुन मन्त्रालयले १० दशमलब ९० प्रतिशत, खानेपानी, उर्जा तथा सिचाई मन्त्रालयले ४ दशमलब ४४ प्रतिशत, कृषि तथा पशुपन्क्षी विकास मन्त्रालयले १० दशमलब ८७ प्रतिशत, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयले १३ दशमलब १२ प्रतिशत, बजेट खर्च गरेको छ । मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयले १३ दशमलब ७१ प्रतिशत, प्रदेशसभा सचिवालयले २४ दशमलब ५० प्रतिशत, प्रदेश लोकसेवा आयोगले २९ दशमलव ९० प्रतिशत, मुख्य न्यायाधिवक्ताको कार्यालयले २३ दशमलब ६७ प्रतिशत, प्रदेश नीति तथा योजना आयोगले १९ दशमलव ०४ प्रतिशत बजेट खर्च गरेको छ । बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षको ५ महिनामा लक्ष्यको २३ दशमलव ८८ प्रतिशत मात्र राजश्व संकलन गरेको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयको अनुसार ६७ अर्ब ४७ करोड ७३ लाख अनुमान गरिएकोमा १६ अर्ब ११ करोड ७ लाख ८२ हजार अर्थात २३ दशमलब ८८ प्रतिशत राजस्व संकलन गरेको हो । घरजग्गा रजिष्ट्रेशन (मालपोत) र सवारीसाधन कर प्रदेश सरकारको राजस्व संकलनको मुख्य स्रोत मानिन्छ । दुवै शीर्षकसहित बाँडफाँडबाट आर्थिक वर्ष २०८२/८३ मा ३० अर्ब ८९ करोड ११ लाख ८९ हजार संकलन हुने अनुमान गरिएकोमा साउनदेखि मंसिरसम्ममा लक्ष्यको २८ दशमलव ६३ प्रतिशत अर्थात ८ अर्ब ८४ करोड ४७ लाख ७७ हजार संकलन भएको आर्थिक मामिला तथा योजना विकास मन्त्रालयले जानकारी दिएको छ ।

चालु आर्थिक वर्ष २०८२/८३ मा घरजग्गा रजिष्ट्रेशन शीर्षकबाट ७ अर्ब ७० करोड राजस्व संकलन गर्ने लक्ष्य रहेकोमा ५ महिनामा त्यसको करिब २१ दशमलव ६७ प्रतिशत अर्थात् १ अर्ब ६६ करोड ८५ लाख ५९ हजार संकलन भएको छ । प्रदेश सरकारले सवारीसाधन जाँचपास, रुट पर्मिट, सवारीचालक अनुमतिपत्र वितरण तथा नवीकरणअन्तर्गत सवारीकर शीर्षकबाट आर्थिक वर्ष २०८२/८३ मा ८ अर्ब २५ करोड अनुमान गरिएकोमा मंसिर महिनासम्म ३५ दशमलव ८६ प्रतिशत अर्थात् २ अर्ब ९५ करोड ८६ लाख २३ हजार राजस्व संकलन गरेको छ । प्रदेश सरकारले बाँडफाँटबाट प्राप्त हुने मूल्यअभिवृद्धि करबापत आठ अर्ब ७९ करोड ८६ लाख ६७ हजार प्राप्त हुने अनुमान गरिएकोमा यो अवधिसम्ममा ३ अर्ब ६ करोड ८६ लाख ७१ हजार अर्थात ३४ दशमलब ८८ प्रतिशत संकलन भएको छ भने अन्त:शुल्क करबापत ४ अर्ब तीन करोड ७९ लाख नौ हजार प्राप्त हुने अनुमान गरिएकोमा १ अर्ब ७ करोड २३ लाख ५९ हजार अर्थात २६ दशमलब ५६ प्रतिशत प्राप्त भएको मन्त्रालयले जनाएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ पुस ७ गते सोमबार २२ डिसेम्बर २०२५ । द्वितीया, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४६ ने.सं. । सूर्योदय ६:५२ सूर्यास्त ५:१२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : व्यापारमा फाइदा मिल्नेछ | **तुला** | : प्रतिष्ठित काम पाइनेछ |
| **वृष** | : इनाम हात पर्नेछ | **वृश्चिक** | : सामाजिक दायित्व बढ्नेछ |
| **मिथुन** | : श्रम खेर जानेछ | **धनु** | : काममा सहयोग मिल्नेछ |
| **कर्कट** | : पढाइमा प्रगति हुनेछ | **मकर** | : अनावश्यक खर्च हुनेछ |
| **सिंह** | : उत्साहमा कमी आउनेछ | **कुम्भ** | : चिताएको काम बन्नेछ |
| **कन्या** | : आफन्तबाट धोका हुनेछ | **मीन** | : नसोचेको फाइदा पाइनेछ |

# जाजरकोट र मेलम्चीले देखाउँदैछन् हाम्रो विकासको छिद्र



**✍डा. सौभाग्य शाह**

२०६६ सालमा तुहिएको मनसुनी वर्षा बीच मध्यपश्चिमका दुर्गम पहाडी जिल्लामा देखा परेको झाडापखाला महामारीले त्यस क्षेत्रको दर्दनाक सामाजिक-आर्थिक परिस्थितिको उजागर त गरेकै थियो । यसले नेपाली राजनीति र विकास नीतिमाथि पनि कटु व्यङ्ग्य गर्न पुगेको छ । २१औं शताब्दीमा लोकतान्त्रिक सरकारको रोहवरमा सयौं नागरिकले झाडापखालाको महामारीबाट ज्यान गुमाउनु भनेको सभ्य समाजका लागि लज्जास्पद स्थिति त हो नै त्यसमा पनि ठोस प्रतिरोधात्मक कार्यबाट रोक्न सकिने प्रकोपलाई महिनौंसम्म विस्तार हुन दिनुमा सरकारी पक्षको संवेदनशीलता र जिम्मेवारीमा आएको ह्रास मान्न सकिन्छ । यो अकर्मण्यतामा नेपाल सरकार मात्र भने जिम्मेवार छैन ।

सरकारी पक्षको संलग्नतामा भएको कुनै पनि मृत्युका घटनाहरूमा जेहाद छेड्ने राष्ट्रिय, अन्तर्राष्ट्रिय संस्थाका उद्यमीहरू जाजरकोट, दैलेख र रुकुम आदि जिल्लामा सयौंको अनाहक मृत्यु हुँदा आश्चर्यजनक रूपमा मौन रहेको पाइयो । राज्यको भौतिक हिंसाबाट मात्र मानवअधिकारको हनन् हुन्छ भन्ने मान्यता राख्ने नागरिक समाजले गरिबी, कुपोषण, असुरक्षा, रोग, बेरोजगारी, बजारतन्त्र र असमानता जस्ता संरचनागत हिंसाले यथार्थमा झन् ठूलो तहमा मानवअधिकारको हनन् हुन्छ भन्ने तथ्य आत्मसात् गर्न जरूरी छ । आखिर मानव जीवन नै नरहे मानवअधिकारको के औचित्य ? यसै कारण पूँजीवादी सिद्धान्त र विदेशी स्रोतबाट प्रेरित नागरिक समाज तेस्रो विश्वमा आएर आफ्नो सरकारप्रति आक्रामक रहे पनि संरचना, बजार र दाताहरूबाट उत्पन्न हुने हिंसा र मानवअधिकार हनन् प्रति मौन रहने गरेको पाइन्छ ।

### संवेदनहीनता

लामो खडेरी र मनसुनी वर्षाको ढिलाइले गर्दा पहाडी जिल्लाका धारा, कुवा र खोल्साहरू सुक्दै जाँदा बचेका पानीका स्रोतहरूमा मान्छे र जनावरको चाप बढ्दै जाँदा गर्मीको मौसममा पानी दूषित बन्नु स्वाभाविकै थियो । दुर्गम क्षेत्रमा प्रदूषित पानीलाई सफा गरेर प्रयोग गर्ने विधिको अज्ञानता, शौचालयको अभाव, कुपोषण र गरिबीका कारण प्राथमिक स्वास्थ्य उपचार पनि गराउन नसक्ने स्थितिले गर्दा सामान्य रोग ठूलो मानवीय दुर्घटनामा परिणत हुन पुग्यो । खेतीको मौसममा काममा लाग्नुपर्ने बाध्यताले पनि धेरैले समयमा उपचार गर्न भ्याएनन् । महामारीबाट अधिकांश मृत्युहरू जिल्ला सदरमुकामबाट टाढाका दलित र क्षेत्री बस्तीहरूमा हुनुले पनि यो महामारीले दुर्गम क्षेत्रको आर्थिक-सामाजिक दुश्चक्रतिर संकेत गर्दछ । झाडापखाला साधारणतया गरिबको रोग हो, त्यसैले पनि यसले स्वाइनफ्लु वा एड्स जस्तो ध्यानाकर्षण गर्न सक्दैन । भेरी र राप्ती अञ्चलमा देखा परेको मानवीय संकटप्रति सरकारी हेलचेर्क्याइँ र लबस्तरो प्रतिक्रिया नसकेर मात्र होइन लापरवाही पनि त्यतिकै जिम्मेवार हुन सक्छ ।

आखिर चाहेका वेला त सरकारले राजनैतिक भिडन्तमा परेका आफ्ना कार्यकर्तालाई तुरुन्त हेलिकोप्टरमा राखेर जिल्लाबाट शहरका अस्पतालमा पुऱ्याउँदै आएको छ । पोहोर साल कोशीको विपद्मा पर्दा सरकारले जुन प्रशासनिक तत्परता र आर्थिक उदारता देखाएको थियो त्यो जाजरकोटमा देखापरेन । नारा र सत्तामा जुनसुकै भए पनि केन्द्रका लागि पश्चिम भन्दा पूर्व, गाउँ भन्दा शहर र अन्यत्र भन्दा काठमाडौं नै प्राथमिकतामा पर्दै आउने गरेको छ ।

नेपाली शासक वर्गले नारामा जति गरिब, शोषित पीडित, पिछडिएका वा महान जनताको सेवा गर्ने कुरा गर्दछ त्यति नै अनुपातमा अरू नै वर्गको पृष्ठपोषण गर्ने परम्परा रही आएको देखिन्छ । यसपालिको झाडापखाला महामारीले यो आश्वासन र यथार्थ बीचको दूरीको पटाक्षेप मात्र गरेको छैन सत्ताकेन्द्रित विकास नीतिले जाजरकोटका जस्ता वियोगान्त घटनाहरू कसरी नियमित रूपमा उत्पादन गरिरहेको छ भन्ने तथ्य बोध पनि गराएको छ । केही योजनागत उदाहरणबाट दुर्गमको यस महामारीलाई केन्द्रको प्रवृत्ति र व्यवहारसँग जोड्न सकिन्छ । महत्वपूर्ण वृत्तहरूमा झाडापखालाको प्रकोपलाई स्थानीयकरण गरिकन त्यसबाट केन्द्रलाई राजनैतिक र नैतिक दायित्वबाट मुक्त गर्ने लक्षण देखा पर्न थालेकाले पनि जाजरकोटको महामारीसँग राष्ट्रिय विकास नीतिलाई जोड्न आवश्यक देखिन्छ ।

### मेलम्चीमा झेला

काठमाडौं उपत्यकामा खानेपानीको समस्या छ, तर तुलनात्मक रूपले जाजरकोट वा त्यस्तै अन्य भूभागमा जस्तो कष्टकर स्थिति छैन । राजधानीको समस्या भनेको आपूर्ति भन्दा पनि अत्यधिक मागको हो । मूलत: राजधानी भित्र अत्यधिक बसाइँसराइ हुन गएपछि काठमाडौं खाल्डो जस्तो चिस्यान भएको भूभागको पानीको स्रोत पनि आकाशिंदो जनसंख्याको चापलाई नभ्याउने हुन गएको हो । यति हुँदाहुँदै पनि खानेपानी संस्थानको जर्जर भइसकेको वितरण प्रणालीबाट प्राय:जसो टोलहरूमा एक-दुई दिन बिराएर भए पनि ५-७ बाल्टिन पानी चुहिनै हाल्छ । उपत्यका बाहिर कतिपय बस्तीहरू छन् जहाँका पहिला ३ घन्टा उकाली-ओराली गर्दै एक गाग्री पानी ल्याउन बाध्य छन् । त्यस्ता बस्तीहरूमा न त घर-घर इनार खन्ने सम्भावना छ न मिनरल वाटरकै विकल्प । राजधानी र मोफसलका बस्तीहरूमा आधारभूत स्रोतको यति ठूलो असमानता हुँदाहुँदै जननिर्वाचित सरकारले उपत्यकाका लागि प्रारम्भिक लागतमा आधा अर्ब डलर अर्थात् झण्डै ३६ अर्ब रुपैयाँ पर्न जाने मेलम्ची खानेपानी योजना अघि सारेको छ ।

यस निर्णयमा प्रश्न गर्दा काठमाडौंका लागि ल्याइएको योजनाको ईर्ष्या गरेको नभई यस प्रकारका विकास प्राथमिकताहरू कुन हदसम्म सामाजिक न्याय, क्षेत्रीय सन्तुलन, वातावरणीय विज्ञान र स्वयं काठमाडौं उपत्यकाकै दीर्घकालीन हितमा हुन सक्छन् भन्ने कुराको वैकल्पिक बहस शुरु गर्न खोजिएको मात्र हो । हुन त संसारभरि नै राजधानी शहरलाई अन्यत्र भन्दा सकेसम्म सुविधासम्पन्न पारेर सिंगार्ने चलन छ, तर त्यसले स्रोतको अत्यधिक केन्द्रीकरण हुनगयो भने नकारात्मक नतिजा पैदा गर्दछ । एकै ठाउँमा सबै सुविधा र लगानी केन्द्रित हुँदा अन्यत्र अभाव भई सामाजिक अन्यायका साथै क्षेत्रीय असन्तुलनको गम्भीर समस्या नेपाल जस्ता मुलुकहरूले भोगिरहेकै छन् । एक अर्थमा आज काठमाडौं शहरका लागि दार्चुला र पाँचथर जति टाढा छन् त्योभन्दा नजिक दिल्ली र पेरिस भइसकेका छन् । नेपालको विगतको सशस्त्र द्वन्द्व र हालको राजनैतिक तनाव यस्तै विडम्बनासँग गाँसिएको कुरा स्पष्टै छ ।

नेपाल जस्तो गरिब मुलुकले राजधानीको वैकल्पिक पानीको स्रोतका लागि यति महङ्गो योजना आर्थिक रूपले व्यहोर्न सक्ने कि नसक्ने भन्ने यक्ष प्रश्न एकातिर छँदैछ भने अर्कोतिर वातावरणीय आधारमा मेलम्ची कति उचित छ ? किंवदन्तीमा मञ्जुश्रीले चोभार डाँडो काटेर काठमाडौंको पानीलाई निकास दिए झैं अब पहाडभित्र २७ किलोमिटर लामो सुरुङ खनेर मेलम्ची उपत्यकाको पानी सुन्दरीजलमा झार्ने काम वातावरणीय र प्राविधिक हिसाबले जोखिमपूर्ण हुन सक्छ । कथंकथाचित यो महँगो पानी काठमाडौं आइहाले पनि यसले के राजधानीको मृगतृष्णा मेट्न सक्छ त ?

पहिले नै भनिसकियो कि हालको काठमाडौंको पानीको माग प्राकृतिक वृद्धिदरको नभइकल अस्वाभाविक जनसंख्या वृद्धिको हो । देशभरिकै आर्थिक, राजनैतिक, प्रशासनिक, शैक्षिक, स्वास्थ्य, रोजगारी, मनोरञ्जन, कलाका अवसर, सुविधा र स्रोत नेपाल खाल्डोमै मात्र सीमित गरिँदै आएको हुनाले यो केन्द्र सम्पूर्ण नेपाल र सीमापारिको पनि बसाइँसराइको आकर्षण केन्द्र बन्न गएको हो । उपत्यकाको ४०० वर्ग कि.मी. क्षेत्रफलमा हाल झण्डै ३० लाख स्थायी/ अस्थायी जनसख्ंया पुगेको अनुमान गरिन्छ । काठमाडौं खाल्डोको भौगोलिक बनोट, यसको निश्चित जमिन, पानी, वनस्पति र वायुको सीमाले अनियन्त्रित जनसंख्या वृद्धिलाई थेग्न सक्दैन ।

यसै अप्राकृतिक वृद्धिका कारण उपत्यकाले केही वर्षयता जटिल वातावरणीय संकट झेल्दै आइरहेको छ : वायु प्रदूषण बढेको छ, पानीको अभाव, अत्यन्तै अव्यवस्थित बस्तीहरूको वृद्धि भएको छ र राजधानी आफ्नो फोहोर पनि सम्हाल्न नसक्ने अवस्थामा पुगिसकेको छ । हुनत यो दुरवस्था ल्याउनमा शहरी व्यवस्थापनको अदक्षता र राजनैतिक इच्छाशक्तिको कमजोरी पनि छ तर त्योभन्दा पनि यो संकटले काठमाडौं उपत्यकाले आफूले धान्न सक्ने जनसंख्याको सीमा नाघ्न लागेको गम्भीर तथ्यतिर संकेत गरेको छ । विगत २० वर्षमा चिनियाँ रिङरोड भित्रको सम्पूर्ण भूभाग एउटै विशाल कंक्रिट र ईँटाको टोल भइसकेको छ भने खेत, खुला चौर र सार्वजनिक स्थलहरू यो घेराभित्र देख्न मुस्किल पर्छ । रिङरोड बाहिर पनि पूर्वमा जोरपाटी र भक्तपुर, उत्तरतिर बूढानीलकण्ठ, पश्चिममा बालाजु र थानकोट तथा दक्षिणमा खोकनातिर घनाबस्ती विस्तार भएर तीन शहर एकै भइसकेका छन् ।

जतिजति नेपाल खाल्डोभित्रको खुला जमिन समाप्त हुँदैछ, यहाँको जग्गाको भाउ पनि न्यूयोर्क शहर भन्दा महँगो हुन पुगेको छ । जमिनको मोल आकासिए पनि काठमाडौं उपत्यकाको शहरी जीवनको गुणस्तर भने क्रमिक रूपमा घट्ने क्रममा छ : वायु प्रदूषण, पानीको कमी, बढ्दो फोहोरमैला, निस्सासिने भीड र यातायातको संकट । कुनै जुलुस वा विरोध नभएकै दिन पनि ट्राफिक जाम नियमित झैं भइसकेको छ । पहिला २० मिनेट लाग्ने मोटर यात्रा अब एक घन्टामा पुगिएमा धन्य मान्नुपर्ने स्थिति छ । बाटाहरू उत्तिकै वा उल्टो साँघुरिँदै छन् भने उता मोटरगाडीको संख्या दशौं गुणा बढ्नाले सडकहरू कोलाहलपूर्ण पार्किङ स्थल झैं देखिन्छन् ।

ट्राफिक नियमको सामूहिक उल्लंघन, अप्रशिक्षित चालक र अत्यन्तै अनुदार र असभ्य ड्राइभिङ संस्कारले छोटो यात्रा पनि तनावपूर्ण बन्न जान्छ । मोटरसाइकल ठूलो समस्या बन्न गएको छ । शहर भित्र चल्ने मोटरहरूको आकार निरन्तर रूपमा साँघुरिँदै गए पनि अधिकांश गाडीमा देखापर्ने दाग र कुच्चाहट चालकहरूमा देखापर्ने अधैर्यता, ठाउँको गरिबी र सदाचारको अभाव नै मान्नुपर्छ । बिरामीलाई आपत्कालीन उपचारका लागि हिंडेको एम्बुलेन्सलाई बाटो छोड्ने शिष्टता समेत पनि हराउँदै गएको भेटिन्छ । अमेरिकाभरि नै चुत्था ठहरिएका बोस्टनका ड्राइभर पनि काठमाडौंमा सन्त सावित हुन सक्छन् ।

### बटुवाको बेहाल

राजधानीका सडकहरूमा पैदल यात्रीहरूको हालत झनै दयनीय छ । नयाँ बन्ने सडकमा समेत पैदल यात्री हिंड्नलाई सुरक्षित साइड वाक बनाइएको हुँदैन भने पैदल यात्रीलाई बनाइएका पुराना सडकबाट पनि मोटरहरूले हिंड्ने मान्छेलाई पूर्णतया विस्थापित गरेको पाइन्छ । विडम्बना के छ भने अमेरिका, बेलायत जहाँ हरेक मान्छेसँग मोटर गाडी हुने पूँजीवादी देशमा पेडेष्ट्रियन राइट अर्थात् पैदल यात्रीको अग्राधिकारको मान्यता अनुसार बटुवालाई बाटो काट्न दिएर मात्र गाडी चलाउने संस्कार छ भने हाम्रो अधिकांश पैदलयात्री र त्यसमा पनि सर्वहाराको कसम खाएको सरकार हुने देशमा भने उल्टै पैदल यात्रीले अपराधी झैं महसुस गर्दै हुँइकिरहेका गाडीका अगाडि पछाडि भाग्दै ज्यान जोगाएर बाटो काट्नुपर्छ ।

आत्मसम्मानका साथ त्रासरहित भएर हिंडन पाउनु भनेको सबैभन्दा प्रारम्भिक मानवअधिकार हो, यसलाई सुनिश्चित गर्न कमसेकम लोकतान्त्रिक भन्न रुचाउने सरकारले सडक निर्माणको मापदण्डमा पैदल पेटी राख्न लगाउने र पैदल-मैत्री सवारी नियम लागू गर्न आवश्यक हुन गएको छ । राजनैतिक अस्थिरता र प्रशासनिक गन्जागोल सँगै अधोगति लागेका विभिन्न क्षेत्रमध्ये सार्वजनिक निर्माण पनि हो । आश्चर्य नै मान्नुपर्छ कि मध्य युगमै शहरी निर्माण र वास्तुकलामा संसारकै उत्कृष्ट नमूना प्रस्तुत गर्न सफल बागमती सभ्यता आज संसारका प्रतिष्ठित विश्व विद्यालयबाट सीप तालिम प्राप्त इन्जिनियर र आर्किटेक्चरबाट निर्मित सार्वजनिक संरचना व्यहोर्न बाध्य छ जहाँ भव्य भवनहरू ६ महिनामै चुहिन थाल्छन्, पाँच फिट औसत उचाइ हुने देशमा ४ फिटमा शौचालयका युरिनल राखिएका हुन्छन्, सडकको बीचमा बिजुलीका खम्बा गाडिन्छन् र बाटो पिच गरेको एक महिना नपुग्दै अलकत्रा बगेर जान्छ ।

सडक, भवन आदि संरचनाहरूले न्यूनतम उपयोगिता नै नदिने परिस्थितिमा तिनीहरूको दिगोपन र वास्तुकलात्मक सौन्दर्य खोज्ने कुरै भएन । विडम्बना त के छ भने यति धेरै मान्यताको ह्रास, गुणस्तरको अवमूल्यन र पर्यावरणीय सकसका बावजुद पनि काठमाडौं उपत्यकाले मोफसलका हामीहरू बीच आफ्नो आकर्षण कम हुन दिएको छैन । यसमा केही महत्वाकांक्षा र केही बाध्यता पनि हुनसक्छन् । एक प्रकारले काठमाडौं आफ्नै सफलताको शिकार भएको पनि मान्न सकिन्छ । राजनैतिक, आर्थिक, सांस्कृतिक सबै स्रोत र अवसरहरू राजधानीले आफैंमा केन्द्रीकृत गरेपछि न्यून वा शून्य अवसर भएका ठाउँका मान्छेहरू काठमाडौं आउन बाध्य छन् । विगतका नीति र निर्णयले नेपाललाई एकुवीय देश बनाइदिएको छ, बाँकी सिङ्गो मुलुक एक भए पनि काठमाडौंलाई स्रोत, अवसर र आकर्षणमा जित्न गाह्रो छ । राजधानीको अवस्था आफूले पचाउन सक्ने भन्दा बढी मिठो खाने बिरामी जस्तै भएको छ: महङ्गो र धेरै खानाले शरीर त मोटाएको छ तर मांसपेशी, रक्त संचार र नसा भने शिथिल हुँदै गएका छन् ।

### सत्ता र प्राथमिकता

काठमाडौं उपत्यकालाई यो अस्वस्थकर स्थूलकाय आकारमा बदल्नमा काठमाडौंको आफ्नै भने कमै दोष देखिन्छ किन भने शासन गर्ने वर्ग यहाँ बाहिरबाटै आउने चलन छ । जतिसुकै दुर्गम वा शोषित पीडित जनताको नाममा राजनीति शुरु गरे पनि केन्द्रीय सत्तामा पुगेपछि नेताहरू काठमाडौंको मायावी जालबाट उम्कन नसकेर राष्ट्रिय साधन र स्रोतको अधिकतम लगानी काठमाडौंमै गर्न पुग्छन् । गाउँघरको प्रतिनिधित्व सम्हालेर राजधानी छिरेपछि अन्तकै पृष्ठपोषण गर्ने प्रवृत्ति अब भने नेपाल भित्रै सीमित रहेन: आफ्ना जनतालाई निरन्तर लोड सेडिङको अँध्यारोमा धकेलेर नयाँ बन्ने पश्चिम सेती, उपल्लो कर्णाली, अरुण र तामाकोशी जस्ता आयोजनाबाट निस्कने जलविद्युत् ठूलो राजधानी दिल्लीमा बुझाउने सम्झौता गर्दा कुनै ग्लानि बोध भएन ।

जनतावादी र राष्ट्रवादीको पगरी गुथेर नथाक्ने नेताहरूले गरेका यी सम्झौताहरू कति आश्चर्यजनक छन् भने नेपालीले विद्युत् प्राधिकरणलाई रु.८ प्रति युनिट तिर्दा नपाइने बिजुली भारतलाई रु.३ प्रति युनिट बेचिनेछ र पछि फेरि लोडसेडिङ कम गर्नु पऱ्यो भनेर त्यही बिजुली भारतबाट दोब्बर मूल्यमा भित्र्याइनेछ । गैर औपनिवेशिक र सार्वभौम देशहरूमा यस प्रकारको राष्ट्रिय आर्थिक नीतिका उदाहरण कमै मात्रामा देख्न पाइन्छ । काठमाडौंलाई अस्वस्थ हुने गरी मोटाउने काममा नेता मात्र होइन विदेशी दाता पनि उत्तिकै लागिपरेका छन् । उपत्यका भन्दा बाहिर गरेको सहयोगले आफ्नो देशको विज्ञापन हुँदैन वा त्यहाँका नेपालीले गुन मान्दैनन् भने झैं गरेर चिनियाँ सरकारले ५७ कि.मी को बाहिरी रिङरोडको योजना ल्याएको छ ।

निश्चित छ यस चक्रपथभित्र पर्ने उपत्यकाको सम्पूर्ण बाँकी भू-भागलाई अर्को १० वर्षमा सिमेन्टको जङ्गलमा परिणत गरेर उपत्यकाको विशिष्ट सभ्यता र पर्यावरणलाई समाप्त गरिदिनेछ । यस उपत्यकाको मानवीय पर्यावरण र सांस्कृतिक मौलिकतालाई जीवित राख्न यहाँको कुल क्षेत्रफल मध्ये ६० प्रतिशतसम्म बस्ती भए पनि ४० प्रतिशत भू-भाग खुला उद्यान, चौर, खोला र खेत हुन आवश्यक छ । बाहिरी चक्रपथको योजनाले यो जटिल सन्तुलनलाई अपूरणीय रूपमा क्षति पुऱ्याउन जाने देखिन्छ ।

चिनियाँहरूले काठमाडौंलाई अन्त्यमा नागपासो हुने बाहिरी चक्रपथ बनाउने खर्चले उनीहरूको सिमाना जोड्ने हिल्सा-सिमकोट सडक बनाउन आएका भए कर्णालीवासी कृतज्ञ हुने त थिए नै त्यस योजनाले मध्यपश्चिमको विकासका लागि एउटा महत्वपूर्ण पूर्वाधार नै खडा गर्न सक्ने निश्चित छ । त्यसैगरी चिनियाँ सरकारले हालसालै बनाइदिएको कर्मचारी अस्पताल उपत्यका भन्दा बाहिर राजविराज, जनकपुर वा दाङमै बनाइदिएको भए त्यसको राष्ट्रिय सीमान्त उपादेयता कैयौं गुणा बढी हुन सक्दथ्यो ।

### उपत्यकाका प्राकृतिक सीमा

नीतिनिर्माता, नेता र विदेशी दाताले काठमाडौं उपत्यकाको वृद्धिको सीमा नबुझे पनि यहाँको प्राकृतिक स्रोतले भने स्पष्ट चेतावनी दिँदै आएको छ । बागमती, विष्णुमती जस्ता प्रमुख नदीहरू नासिंदै र मासिंदै जानु र बढ्दो बस्तीहरूमा दैनिक उपभोगका लागि पानी अपर्याप्त हुनु गम्भीर संकेतहरू छन् । पानी विना बस्ती विस्तार गर्न सकिंदैन र दीर्घकालीन रूपमा पानीको आपूर्ति नहुने देखेपछि यहाँको महँगो जग्गा किनेर घरमा लगानी गर्ने प्रवृत्ति स्वत: निरुत्साहित हुने स्पष्ट छ । यो सीमाले एकातिर काठमाडौंमा जनसंख्याको चापलाई नियन्त्रण गर्दछ भने घर जग्गाका लगानीकर्ताहरूलाई मुलुकका अन्य शहर-बजारमा आकर्षित गर्न मद्दत पुऱ्याउँछ ।

मेलम्ची आयोजनाले काठमाडौं उपत्यकाभित्रको पानीको स्रोतले राखेको महत्वपूर्ण वातावरणीय सीमालाई हटाइदिएपछि अर्को एक दुई दशकमा उपत्यकामा अत्यधिक बस्ती विस्तार भई सम्पूर्ण क्षेत्रफल ढाकिने र यसले दीर्घकालीन वातावरणीय क्षय र बागमती सभ्यताको विशिष्टता अन्त्य हुने प्रक्रिया स्पष्ट देख्न सकिन्छ । व्यापारी, ठेकेदार, कर्मचारीतन्त्र र सीमित नेताहरूलाई प्रत्यक्ष लाभ पुऱ्याउने मेलम्ची आयोजनाले काठमाडौं उपत्यकाको सांस्कृतिक-पर्यावरणीय सन्तुलनलाई मात्र बिगार्ने होइन यसले राष्ट्रिय आर्थिक प्राथमिकता र नीतिलाई पनि गम्भीर असर पार्दछ ।

प्रथमत: देश संघीयतामा गएर विकासको विकेन्द्रित ढाँचा अवलम्बन गर्ने अवसरमा ३६ अर्ब रुपैयाँको विशाल योजना पुरानो केन्द्रीकृत ढाँचामा अघि सारिँदैछ । दोस्रो, यति ठूलो रकम काठमाडौं वैकल्पिक पानीमा खर्च गर्दा अन्य क्षेत्र र प्रान्तहरूको प्राथमिक आवश्यकतामा नकारात्मक असर पर्न जानेछ । अन्य प्रान्तहरू जुन तुलनात्मक रूपले अत्यन्त विपन्न छन् उनीहरूको अनिवार्य मागहरू पूरा नगरिकन राजधानीको ऐच्छिक मागमा यति ठूलो रकम खर्च गर्नु सामाजिक न्यायको दृष्टिकोणले पनि उचित छैन ।

मेलम्ची योजनालाई काठमाडौंको आवश्यकतासँग मात्र जोडेर मूल्याङ्कन गरिएको छ र यो योजनाले राष्ट्रिय विकासमा कस्तो असर पार्न सक्छ भन्ने कुराको यथोचित लेखाजोखा गरेको पाइँदैन । मेलम्ची परियोजनाको मुख्य तर्क भन्नु नै काठमाडौंको बढ्दो जनसंख्याका कारण अपर्याप्त हुन गएको पानीको आपूर्ति बढाउनु हो तर के बुझ्न आवश्यक छ भने राजधानीमा बढेको जनसंख्या उपत्यकाभित्रकै आन्तरिक नभइकन अन्य भेगबाट राम्रो अवसरको खोजीमा हिंडेका आप्रवासीहरूबाट भएको छ । मेलम्चीको विशाल लगानीले क्षेत्रीय असमानता अझै बढेर त्यसबाट सृजित थप बसाइँसराइले काठमाडौंको पानीमा उत्तिकै चाप थप्न सक्ने सम्भावना भएकोले यो योजना आफ्नै सीमित उद्देश्यमा पनि त्यति सफल हुने देखिँदैन ।

### स्वस्थकर विकल्प

काठमाडौं उपत्यकाको शहरीकरणको समस्यालाई यसरी एउटा एकाङ्की समाधान खोज्नु भन्दा क्षेत्रीय विकासको सन्तुलित बाटोबाट दीर्घकालीन रूपमा पानीको माग घटाउन श्रेयस्कर देखिन्छ । राजधानी बाहिरका प्रान्तीय केन्द्रहरूमा शिक्षा, स्वास्थ्य, खानेपानी, यातायात र सञ्चार जस्ता सामाजिक पूर्वाधारह उत्पादन र रोजगारी जस्ता आर्थिक अवसर दिनसकेमा वैकल्पिक आकर्षण केन्द्रहरू विकास भई काठमाडौंको जनसंख्याको चाप र त्यसका साथै पानी र अन्य पर्यावरणीय चाप स्वत: कम हुन जाने स्पष्ट छ । फेरि काठमाडौंमा पानीकै आपूर्ति वृद्धि गर्नलाई पहाड छेडेर अर्को जिल्लाको पानी ल्याउनु पर्दैन, उपत्यका भित्र भएको जलाधार क्षेत्रको उचित सम्भार र विकास, वितरण प्रणालीमा सुधार, चुहावट नियन्त्रण, उपयुक्त शहरीकरण नीति अवलम्बन गरेमा पानीको दिगो समाधान पहिल्याउन सकिन्छ ।

*(साभार: अनलाइनखबर)*

# ४३ करोड गडबडी: सस्तो बिजुलीको म्याद गुजार्न कुलमानले सारे प्राधिकरण बोर्ड बैठक




काठमाडौं/पीटीसी इन्डियासँग सम्झौता गरेभन्दा प्रतियुनिट ५६ पैसा सस्तोमा एनभीभीएनले बिजुली दिने प्रस्तावलाई एजेन्डामा राखेको थाहा पाएपछि ऊर्जामन्त्री कुलमान घिसिङले शुक्रबारका लागि तय विद्युत् प्राधिकरण सञ्चालक समितिको बैठक नै सारिदिएका छन् । भारतको सरकारी कम्पनी एनटीपीसी विद्युत् व्यापार लिमिटेड (एनभीभीएन) ले १५ डिसेम्बर अर्थात् २९ मंसिरमा प्राधिकरणलाई प्रस्ताव पठाउँदै यो हिउँदमा प्रतियुनिट ६.६० भारुमा बिजुली बिक्री गर्न तयार रहेको जनाएको थियो ।

जबकि, मन्त्री घिसिङ र प्राधिकरणका कार्यकारी निर्देशक मनोज सिलवालले दुई महिनाअघि १३ अक्टोबरमा प्रतियुनिट ६.९५ भारुमा पीटीसी इन्डियासँग विद्युत् आयात गर्न सम्झौता गरेका थिए । सर्वोच्च अदालतले प्राधिकरण कार्यकारी निर्देशकमा हितेन्द्रदेव शाक्यलाई पुनर्बहाली गरेलगत्तै उनले थप १ सय मेगावाट विद्युत् आयातका लागि एनभीभीएनसँग प्रस्ताव मागेका थिए । पीटीसी इन्डियाले दुई महिनाअघि दिएको भन्दा निकै आकर्षक मूल्यको प्रस्ताव एनभीभीएनले दिएको थियो । त्यो प्रस्तावको म्याद नै शुक्रवार साँझ ५ बजेसम्म मात्रै थियो ।

यसबीच मन्त्री घिसिङको समय मिलाएर शुक्रबार सवा ३ बजेका लागि प्राधिकरणले सञ्चालक समिति बैठक डाकेको थियो । सोहीअनुसार प्राधिकरणले अन्य सञ्चालक समिति सदस्यहरूलाई एजेन्डासहित बैठकमा बोलाएको थियो । करिब एक दर्जन एजेन्डा पठाइएकोमा एनभीभीएनसँग राउन्ड द क्लक मोडमा विद्युत् आयात सम्बन्धी विषय पनि समावेश थियो । सञ्चालक समितिले उक्त प्रस्ताव अनुसार विद्युत् आयात गर्ने निर्णय गर्दा प्राधिकरणले म्याद सकिनुअगावै एनभीभीएनलाई आशयपत्र जारी गर्न सक्थ्यो ।

तर, आफूले गरेको सम्झौताको दरभन्दा निकै सस्तोमा विद्युत् बिक्री गर्ने एनभीभीएनको प्रस्ताव पनि एजेन्डामा राखेर प्राधिकरणले पठाएपछि मन्त्री घिसिङले बोर्ड बैठक नै सारिदिएका हुन् । 'शुक्रबार सवा ३ बजे बोर्ड बैठक बस्ने भनेर निमन्त्रणा आएको थियो । बिहीबार एसएमएस तथा फोन दुवैमार्फत फलोअप पनि भएको थियो । तर शुक्रबार बिहान एसएमएस मार्फत बोर्ड बैठक अर्को सूचना नभएसम्मका लागि सरेको जानकारी आयो,' प्राधिकरणका एक सञ्चालकले संचारकर्मीसँग भने ।

मन्त्री घिसिङको व्यस्तताका कारण सञ्चालक समिति बैठक सरेको भनेर सञ्चालकलाई जानकारी गराइएको थियो । तर, शुक्रबार सम्म मात्रै रहेको एनभीभीएनको प्रस्तावको म्याद गुजार्ने उद्देश्य सहित मन्त्री घिसिङले बैठक स्थगित गर्न लगाएको अर्का एक सञ्चालकले बताए । 'शुक्रबारै निर्णय गर्नुपर्ने म्याद भएको एजेन्डा सञ्चालक समितिमा रहेको अवस्थामा अन्य काम रोकेर भए पनि बैठक गर्नुपर्ने थियो तर त्यसबारे निर्णय गर्दा आफैंले महँगोमा विद्युत् किन्ने सम्झौता गरी ४३ करोडको गडबडी गरेको कुरा 'एक्स्पोज' हुने भएपछि उनले बैठक नै सार्न लगाएको देखिन्छ,' ती सञ्चालकले भने ।

यसअघि भारतीय कम्पनी पीटीसी इन्डियाले प्रतियुनिट ६.७४ भारुमा नेपाललाई बिजुली बेच्न तयार हुँदाहुँदै घिसिङ र सिलवालले त्योभन्दा भारतीय २१ पैसा बढी अर्थात् ६.९५ भारुमा विद्युत् खरिद सम्झौता गरेका थिए । त्यसो गर्दा बिजुलीको दर, ह्विलिङ शुल्क र नोक्सानी बापत उनीहरूले ४३ करोड गडबडी गरेका थिए । त्यो गडबडी छोप्न मन्त्री घिसिङले संसदीय समिति तथा विभिन्न सार्वजनिक मञ्चहरूमा भ्रमपूर्ण दाबी गरिरहेका थिए । खासगरी, ८ अगस्टमा पीटीसी इन्डियाले गरेको प्रस्तावको म्याद ८ सेप्टेम्बरमा सकिएको, त्यो समयसीमामा सम्झौता नगरेका कारण प्राधिकरणका कार्यकारी निर्देशक शाक्यलाई कारबाही गर्नुपर्ने दाबी उनले गरेका थिए ।

८ मंसिरमा राष्ट्रिय सभाको एक समितिमा बोल्दै सुक्खायाम नजिकिँदै जाँदा बिजुली भाउ महँगिएकाले उच्च दरमा बिजुली किन्नुपरेको दाबी गरेका थिए । त्यस दिनमा नयाँ सम्झौता गर्नुपरेको भए पनि १० रुपैयाँ प्रतियुनिटसम्म भाउ पुग्ने उनको दाबी थियो । सस्तोमा पाउँदा पाउँदै महँगोमा बिजुली किनेर राज्यलाई ३ अर्ब रुपैयाँ फाइदा पुर्‍याएको उनको दाबी थियो । तर, घिसिङ-सिलवालले पीटीसी इन्डियासँग प्रतियुनिट ६.९५ भारुमा विद्युत् किन्न सम्झौता गरेको करिब दुई महिनापछि एनभीभीएनले त्यसभन्दा निकै कम प्रतियुनिट ६.६० भारुमा विद्युत बिक्री गर्ने प्रस्ताव गरेर घिसिङको दाबीलाई पूर्णरूपमा खारेज गरिदिएको छ ।

सोही प्रस्ताव बोर्ड बैठकमा आउँदा आफू अप्ठ्यारोमा पर्ने भएपछि उनले त्यसको म्याद नै गुजार्न लागिपरेका हुन् । एनभीभीएनले जनवरीदेखि मार्चसम्म अर्थात् तीन महिनाका लागि प्रतियुनिट ६.६० भारुमा विद्युत् बिक्रीका लागि तयार रहेको प्रस्ताव १ पुसमा प्राधिकरणमा दर्ता भएर प्रक्रियामा प्रवेश समेत गरेको थियो ।मन्त्री घिसिङले नियतवस बोर्ड बैठक सारिदिएपछि प्रस्तावको म्याद नै गुज्रेको छ ।

यसअघि शाक्य नै कार्यकारी निर्देशक हुँदा भारतको निजी कम्पनी पीटीसी इन्डियाले ८ अगस्ट २०२५ मा प्रतियुनिट ६.७४ भारुमा विद्युत् बिक्री प्रस्ताव गरेको थियो । तर भारतमा बिजुलीको दर नै घटिरहेको सन्दर्भमा मूल्य थप घटाइदिन र त्यो एक महिनाको म्याद बढाइदिन भन्दै प्राधिकरणले पीटीसीलाई पत्राचार गरेको प्राधिकरणका कार्यकारी निर्देशक शाक्यले त्यसबेला संचारकर्मीलाई बताएका थिए ।

तर, जेनजी आन्दोलन पछि ऊर्जामन्त्री बनेका घिसिङले ५ असोज अर्थात् २१ सेप्टेम्बर २०२५ मा मनोज सिलवाललाई प्राधिकरण कार्यकारी निर्देशक बनाएका थिए । त्यसको भोलिपल्टै २२ सेप्टेम्बरमा प्राधिकरणको प्रणालीभित्रबाट माग्दै नमागी ८ अगस्टको तुलनामा प्रतियुनिट भारतीय २१ पैसा महँगो अर्थात् ६.९५ भारुको प्रस्ताव पीटीसी इन्डियाले पठाएको थियो ।

त्यसरी मन्त्री घिसिङ र प्राधिकरणका कार्यकारी निर्देशक सिलवालले पहिले नै सेटिङमा मगाएको प्रस्तावका आधारमा पीटीसी इन्डियासँग १३ अक्टोबर अर्थात् २७ असोजमा प्रतियुनिट ३४ पैसा महँगोमा सम्झौता गरेर ४३ करोड गडबडी गरेका दस्तावेजहरूले पुष्टि गरेका छन् ।

अत्यन्तै गोप्य ढंगले गरिएको त्यो सम्झौता र गडबडी बाहिरिएपछि मन्त्री घिसिङले पुरानो प्रस्तावको म्याद सकिएकाले नयाँ प्रस्ताव मगाएको र त्यो महँगो परेको बताउँदै आएका छन् । जबकि, भारतमा विद्युत् माग घटेको तथा उत्पादन बढेका कारण बिजुलीको भाउ अत्यधिक घटिरहेको छ ।

पीटीसी इन्डियाले सुरुमा प्रस्ताव गरेको प्रतियुनिट ६.७४ भारुभन्दा पनि एनभीभीएनले हालै गरेको ६.६० भारु १४ पैसाले सस्तो हो । यो दर पीटीसीसँग प्राधिकरणले १३ अक्टोबरमा गरेको सम्झौताभन्दा भारतीय ३५ पैसा अर्थात् नेपाली ५६ पैसा सस्तो पर्दछ । पीटीसीसँग प्राधिकरणले १ जनवरीदेखि ३१ मेसम्म १ सय ५१ दिन १ सय ८० मेगावाट विद्युत् आयात गर्ने सम्झौता १३ अक्टोबरमा गरेको थियो । त्यो भनेको कुल ६५ करोड २३ लाख २० हजार युनिट हुन्छ ।


यसअघि पीटीसीसँगै भारतीय २१ पैसा बढीका दरले किन्नुपर्दा दरकै कारण त्यो बिजुलीमा २१ करोड २१ लाख ७९ हजार ५ सय २० नेपाली रुपैयाँ प्राधिकरणलाई घाटा लाग्ने हिसाब गरिएको थियो । तर, भारतीय कम्पनीसँग मूल्य घटाउन मोलमोलाइ गरेको भए त्यो अझै कममा आउने रहेछ भन्ने त अहिले एनभीभीएनले नै ५६ पैसा कममै बिजुली बेच्ने प्रस्ताव गरेबाटै पुष्टि हुन्छ ।

त्यहीबेला भारतीय कम्पनीसँग मोलमोलाइ गरेर यो दरमा सम्झौता गरेको भए ३६ करोड ५२ लाख ९९ हजार फाइदा हुने थियो । तर, घिसिङ र सिलवालले व्यक्तिगत लाभका लागि आफूहरूले सेटिङ गरेको मूल्यमा नै पीटीसी इन्डियासँग सम्झौता गरेका थिए ।

यस विषयमा प्रतिक्रियाका लागि संचारकर्मीले ऊर्जामन्त्री घिसिङसँग सम्पर्क गर्न खोज्दा उनले कुनै प्रतिक्रिया दिएनन् ।

(स्रोत: अनलाइनखबर)

# बकैया कप पुस २८ गतेदेखि हुने




साझाकुरा संवाददाता

हेटौंडा, ५ पुस/छैटौं संस्करणको सफलता पछि सातौं संस्करणको बकैया कप फुटबल प्रतियोगिता आगामी पुस २८ गतेदेखि सुरु हुने भएको छ ।

सूचना जारी गर्दै बकैया गाउँपालिका खेलकुद विकास समितिका अध्यक्ष विजय लामा थिङले पुस २८ गतेदेखि गोल्ड कप सुरु हुने जानकारी गराएको हो । बकैया-३ स्थित हात्तीसुँडे खेलमैदानमा सञ्चालन हुने प्रतियोगितामा यसवर्ष पनि सिनियर र जुनियर टिमबीच फरकफरक प्रतिस्पर्धा हुने जनाइएको छ । सिनियरतर्फ वडा नम्बर ३, ४, ५, ६, ७, ८, ९ र १० गरी ८ टिम सहभागी हुनेछन् । यस्तै जुनियर तर्फ वडा नम्बर २, ११ र १२ गरी ३ टिमले सहभागिता जनाउनेछन् । जुनियरतर्फ वडा नम्बर १ ले सहभागिता नजनाउने अध्यक्ष थिङले जानकारी दिए । यसवर्ष पनि प्रमोशन-डिग्रेडेशन प्रणाली लागू हुने आयोजकले जनाएको छ ।

जुनियरतर्फ विजेता हुने टिम आगामी संस्करणमा सिनियरमा बढुवा हुनेछन् भने सिनियरतर्फ अन्तिम हुने टिम जुनियरमा घटुवा हुने व्यवस्था गरिएको छ । प्रतियोगिता माघ ५ गतेसम्म सञ्चालन हुनेछ भने खेल नकआउटचरणमा खेलाइने छन् । सिनियरतर्फको विजेताले १ लाख रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेताले ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् । जुनियरतर्फ विजेताले ५० हजार रुपैयाँ सहित शिल्ड, मेडल र प्रमाणपत्र तथा उपविजेताले २५ हजार रुपैयाँ प्राप्त गर्नेछन् । प्रतियोगितामा सहभागिताका लागि वडालाई पुस १९ गतेसम्म टिम दर्ता गर्ने समय दिइएको छ भने पुस २० गते खेलतालिका सार्वजनिक गरिने अध्यक्ष थिङले जानकारी दिए ।

# क्रिसमसमा २ पालिकामा सार्वजनिक विदा

साझाकुरा संवाददाता




हेटौंडा, ५ पुस/ क्रिश्चियन धर्मावलम्बीको महानपर्व क्रिस्मसको अवसरमा मकवानपुरको दुइ गाउँकंपालिकाले शुक्रबार सार्वजनिक विदा दिएको छ ।

मकवानपुरको राक्सिराङ र कैलाश गाउपालिकाले शुक्रबार सार्वजनिक बिदा दिइएको हो । डिसेम्बर २५ अर्थात क्रिश्चियन धर्मावलम्बीको क्रिस्मस परेकोले गाउँपालिकाले डिसेम्बर २५-२७ मा सार्वजनिक बिदा दिएको हो । डिसेम्बर २५ मा नेपाल सरकारले बिदा दिएको छ भने २७ तारिक शनिबार हो ।

राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्ल र कैलाश अध्यक्ष लोकबहादुर मुक्तानद्वारा हस्ताक्षरित विज्ञप्तीमा बिदा दिने निर्णय गरेको जनाइएको छ । गाउँ कार्यपालिका बैठकले क्रिस्मसको अवसरमा सार्वजनिक विदा दिने निर्णय गरेको जनाईएको छ ।

# 'परान'को ५१ दिन पूरा, बन्यो इतिहासमै सर्वाधिक कमाउने चौथो फिल्म



काठमाडौं/यस वर्षको चौथो सफल फिल्म 'परान'ले प्रदर्शनमा महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ । यो फिल्मले शनिबार प्रदर्शनको ५१ दिन पूरा गरेको हो । अझै देशभरका आधा दर्जनभन्दा बढी हलमा फिल्म प्रदर्शनरत छ । यस वर्ष ५१औं दिन मनाउने यो तेस्रो फिल्म हो । यसअघि 'ऊनको स्वीटर' र 'जेरी अन टप'ले उक्त उपलब्धि हासिल गरेका थिए ।

प्रदर्शनको ५१ दिन पूरा भएको अवसरमा फिल्मको निर्माण पक्षले टोखास्थित अनाथ आश्रममा न्यानो कपडा वितरण गरेको छ । केही दिनमा 'सक्सेस पार्टी' पनि आयोजना गरिँदैछ । फिल्मले ५१ दिनसम्म बक्स अफिसमा करिब १७ करोड ६० लाख रुपैयाँको ग्रस व्यापार गरेको जनाइएको छ । योसँगै फिल्मले 'छक्का पञ्जा ४', 'जारी' जस्ता फिल्मको व्यापारिक आँकडालाई उछिनेको छ ।

'परान' नेपाली फिल्मको इतिहासमा सर्वाधिक कमाइ गर्ने चौथो फिल्म समेत बनेको छ । अब योभन्दा धेरै कमाइ गर्ने फिल्महरूमा '१२ गाउँ' (१९ करोड ९२ लाख), 'कबड्डी ४' (२१ करोड ४० लाख) र 'पूर्णबहादुरको सारङ्गी' (४६ करोड ८७ लाख) छन् । हालको कमाइको अवस्थालाई हेर्दा यी तीनको रेकर्ड तोड्न भने फिल्मलाई सम्भव देखिँदैन ।

प्रदर्शनको ५ दिनसम्म बक्स अफिसमा दयनीय अवस्थामा रहेको फिल्मले छैटौं दिनबाट व्यापारिक रफ्तार समातेको थियो । दर्शकबाट बलियो 'वर्ड अफ माउथ' प्राप्त हुँदा फिल्मले प्रदर्शनको पाँच साता आक्रामक कमाइलाई जारी राख्यो । यो बीचमा प्रदर्शन भएको 'जारी २' जस्तो सिक्वेल फिल्म समेत ओझेलमा पर्‍यो । मंसिरसम्म हलहरूमा 'परान'कै दबदबा देखिएको थियो ।

बाबु-छोराको भावनात्मक सम्बन्धको कथामा आधारित यस फिल्ममा नीर शाह, मदनकृष्ण श्रेष्ठ, पूजा चन्द, केकी अधिकारी, अञ्जना बराइली, महेश त्रिपाठी, प्रविन खतिवडा, बुद्धि तामाङ लगायतको अभिनय रहेको छ । हास्य कलाकारको रुपमा परिचित दीपक प्रसाद आचार्य 'काकु'ले फिल्मको निर्देशन गरेका हुन् । यो उनको पहिलो निर्देशकीय फिल्म हो ।

# बालबालिकालाई मोबाइल चलाउन नदिने होइन, सिकाउने हो

'मेरो छोरो मोबाइल चलाउँछ, गेममा डुब्छ' एक आमा भन्छिन्, 'फोन लुकाउनुपर्छ, अरूका त छोराछोरीलाई मोबाइल छुनै दिँदैनन् रे ।' धेरै अभिभावक यस कुरामा चिन्तित छन् र यी उदाहरणहरू हामी सबैका दैनिकी हुन् । सानै उमेरदेखि मोबाइल चलाउन दिँदा बच्चालाई खाना खुवाउनसमेत मोबाइल चाहिने अवस्था आएको छ । नेपालका धेरै विद्यालयमा मोबाइल प्रयोगमा कडाइ छ । तर, किशोर-किशोरीहरूले घरमा अभिभावकसँग तर्क गरेर विद्यालयपछि मोबाइल बढी चलाउने गरेको देखिन्छ । हरेक कुराको अत्यधिक आदत राम्रो होइन । यदि नियन्त्रणमा राखियो भने फाइदाजनक हुन्छ । तर मोबाइलले नै नियन्त्रण गर्न थाल्यो भने अभिशाप बन्न सक्छ । वैज्ञानिक भाषामा मोबाइल, टिभी, कम्प्युटर, आइप्याड आदि प्रयोगलाई 'स्क्रिन समय' भनिन्छ । यसको फाइदा र बेफाइदा दुवै हुन्छन् ।

**फाइदाहरू**

आजभोलि मोबाइलका फाइदा कति छन् भनेर गन्नै सकिँदैन । मोबाइल सूचना प्राप्त गर्न, संसारसँग जडान हुन र कुनै पनि कुरा बुझ्न-जान्न अत्यन्तै आवश्यक भएको छ । त्यतिमात्र होइन, सुरक्षा सुनिश्चित गर्न पनि मोबाइलले महत्वपूर्ण भूमिका खेल्छ । दुर्घटना हुँदा अथवा आपत पर्दा हामी मोबाइलमार्फत विभिन्न किसिमका सहयोग प्राप्त गर्न सक्छौं । त्यस्तै, जानकारी लिनका लागि मोबाइल अत्यन्तै आवश्यक देखिन्छ ।

मोबाइलको अर्को ठूलो फाइदा भनेको अरूसँग र साथीहरूसँग सामाजिक रूपमा बाँधेर राख्न सहयोग पुर्‍याउनु हो । यसले आफन्त र नजिकका मित्रहरूलाई नजिकै रहन र सम्पर्क कायम राख्न अत्यन्तै सजिलो बनाएको छ । सूचना र सञ्चारको हकमा, विश्वमा भइरहेका घटनाहरू र अन्य गतिविधिहरू जुनसुकै ठाउँमा भए पनि एकैछिनमा जानकारी लिन सकिन्छ ।

मोबाइलले दैनिकीलाई सहज बनाउन पनि महत्वपूर्ण भूमिका खेल्छ । मोबाइलभित्रै क्यालकुलेटर, विभिन्न नाप्ने यन्त्र, टर्च जस्ता विविध सुविधाहरू हुन्छन्, जसले गर्दा हामीलाई सुरक्षाका लागि अन्य उपकरणहरू प्रयोग गर्न आवश्यक पर्दैन । मोबाइल भएकै कारण विभिन्न अन्य धेरै कुराहरू साथमै नभए पनि दैनिकी सहज बनाउन यसले मद्दत पुर्‍याउँछ । एक्काइसौं शताब्दीको विकाससँगै मोबाइल सानो, हलुका र जहाँसुकै लैजान सकिने उपकरण बनेको छ । यसले प्रयोगलाई अत्यन्तै सहज बनाएको छ ।

आजभोलि मोबाइलको प्रयोग मनोरञ्जनका लागि पनि प्रशस्त हुन्छ । मनोरञ्जनका क्रममा यसमा धेरै किसिमका एप्स हुन्छन्, जसले मान्छेलाई सिर्जनशील बनाउन सहयोग गर्छ- जस्तै संगीत सिर्जना गर्ने, चित्र बनाउने, अन्य सीपहरू सिक्ने र ती सीप तथा कलाहरू सञ्जालमार्फत प्रदर्शन गर्ने । यसले आफूभित्रको प्रतिभा उजागर गर्न र पोस्ट गर्न पनि सहयोग पुर्‍याउँछ ।

त्यसैगरी व्यवसाय र व्यापारका लागि पनि मोबाइलले महत्वपूर्ण भूमिका खेलेको छ । सञ्चार माध्यम प्रयोग गरेर बजारमा प्रचार-प्रसार गर्न र आफ्नो व्यापार लाई प्रभावकारी बनाउन मोबाइल अपरिहार्य बनेको छ । मोबाइलको सबैभन्दा ठूलो र महत्वपूर्ण फाइदामध्ये एक भनेको सिर्जनशीलता र कार्यक्षमता बढाउने उपकरणका रूपमा प्रयोग गर्न सकिनु हो । आवश्यक जानकारी इन्टरनेटमार्फत तुरुन्त प्राप्त गर्न सकिन्छ । मान्छेलाई सीप र सिकाइ सिक्नका लागि पनि मोबाइलले जागृत गर्छ ।

त्यसैले मोबाइल आजभोलि शैक्षिक उपकरणका रूपमा प्रयोग भइरहेको छ । धेरै विद्यालयहरूमा कम्प्युटर र मोबाइललाई ज्ञान प्रवर्द्धन गर्न र सीप सिकाउन प्रयोग गरिन्छ । त्यसैले मोबाइल र कम्प्युटरलाई केवल हानिकारक उपकरणको रूपमा लिन मिल्दैन । शारीरिक तथा मानसिक अस्वस्थता भएका बालबालिका र व्यक्तिहरूका लागि प्रविधिहरू प्रयोग गर्न सकिने अवस्थाले गर्दा उनीहरूमा पनि सीप सिक्ने र क्षमता वृद्धि गर्न प्रविधिले सहयोग पुर्‍याउँछ ।

आज मोबाइल र कम्प्युटर मान्छेको दैनिकीमा अपरिहार्य बनेका छन् । त्यसैले यसका बेफाइदाहरू मात्र केलाउनु भन्दा फाइदाहरूलाई पनि बुझेर, कसरी सहीरूपमा प्रयोग गर्ने भन्ने कुरा अभिभावक, शिक्षक र विद्यार्थीहरूले जान्नुपर्छ । सही प्रयोग गर्न सके ज्ञान, सीप र क्षमता वृद्धिको लागि ठूलो सहयोग पुग्छ ।

**बेफाइदाहरू**

बेफाइदाहरूको कुरा गर्दा सबैभन्दा पहिलो र महत्वपूर्ण कुरा भनेको मोबाइल अथवा कम्प्युटर लामो समयसम्म लगातार चलाउने बानी बसाल्नु हो । जब लामो समयसम्म एकै ठाउँमा बसेर कम्प्युटर वा मोबाइल हेर्ने, खेल्ने गरिन्छ, त्यस्तो अवस्थाले शारीरिक गतिविधिहरूलाई कमजोर बनाउँछ र जीवनशैलीलाई निष्क्रिय बनाउँछ ।

आजभोलि डिजिटल प्रविधि प्रयोग गर्दा त्यसैमा निर्भर रहनु पनि एउटा महत्वपूर्ण बेफाइदा हो । आवश्यक भन्दा धेरै प्रयोग गर्नु र प्रविधिबाट एकैछिन पनि टाढा रहन नसक्नु समस्या हो । प्रविधिमा निर्भर भएपछि विशेष गरी बालबालिकाहरू खेल खेल्दा कहिल्यै खेल समाप्त गर्न मन नलाग्ने, अन्य महत्वपूर्ण काम गर्न नचाहने र केवल मोबाइल चलाउन चाहने अवस्था देखिन्छ । प्रविधिमा निर्भर बालबालिकाहरूले जीवनका आवश्यक कुराहरूलाई प्राथमिकता दिन छोड्छन् । जस्तै - शारीरिक व्यायाम, संस्कृतिसँग सम्बन्धित गतिविधि, आफन्तसँग भेटघाट, मेलमिलाप, खाने-सुत्ने समय र शारीरिक अभ्यास आदि ।

अनुसन्धानले देखाएको छ कि- लामो समयसम्म प्रविधि प्रयोग गर्दा मोटोपन बढ्ने, शारीरिक अस्वस्थता हुने हुन्छ । जस्तै-: ढाड दुख्ने, टाउको दुख्ने, आँखा दुख्ने, घाँटी दुख्ने र अन्य शारीरिक समस्या देखिन्छ । यसले मधुमेह, मुटुरोग तथा अन्य रोगको जोखिम पनि बढाउँछ । त्यसैगरी मानसिक स्वास्थ्यमा पनि नकारात्मक असर पर्छ । लामो समयसम्म प्रविधि प्रयोग गर्ने र त्यसमा निर्भर रहने बालबालिका तथा वयस्कहरूमा निन्द्रा नलाग्ने, चिन्ता बढ्ने, मानसिक तनाव हुने समस्या देखिन्छ ।

अनावश्यक र अत्यधिक प्रविधि प्रयोगले घरमा झगडा, कलह बढाउने र आपसी सम्बन्ध बिगार्ने सम्भावना पनि रहन्छ । किनकि लामो समयसम्म प्रविधि प्रयोग गर्दा मानिसहरू आक्रामक हुने, अरूको कुरा सुन्न नचाहने, चिडचिडापन बढ्ने जस्ता व्यवहार देखिन्छ ।

**प्रविधिको निषेध समाधान होइन**

माथि चर्चा गरिएको फाइदा र बेफाइदाबाट के निष्कर्ष निकाल्न सकिन्छ भने, आजभोलि प्रविधि प्रयोग गर्नुपर्ने र नगर्नुपर्ने कुराहरू बुझ्नु आवश्यक देखिन्छ । मुख्यत: आफ्नो दैनिकी र स्वास्थ्यलाई ध्यानमा राखी प्रविधि प्रयोगलाई अन्य आवश्यक गतिविधिहरूसँग सन्तुलनमा राख्न सक्नु जरुरी छ ।

आजको समय डिजिटल समय हो । सानैदेखि बालबालिकालाई डिजिटल प्रविधि र कृत्रिम बुद्धिमत्ता (एआई) को ज्ञान दिनु आवश्यक मात्र होइन, अनिवार्य भएको छ । विशेष गरी एआईको अत्याधुनिक विकासले गर्दा यसका बारेमा बुझ्न र जान्न अत्यावश्यक भएको छ । त्यसैले प्रविधि कसरी प्रयोग गर्ने भन्ने कुरा अत्यन्तै महत्वपूर्ण भूमिका खेल्छ । आजको डिजिटल प्रविधिको प्रयोगले ल्याएका समस्याहरूलाई चाँडोभन्दा चाँडो समाधान खोज्नु आवश्यक देखिन्छ । यसका लागि मुख्यत: अभिभावक, शिक्षक र वयस्कहरूले रोल मोडेलको भूमिका खेल्नुपर्छ । उनीहरूले आफ्ना बालबालिका र वरपरका मानिसहरूलाई सकारात्मक प्रभाव पार्न सक्ने उपायहरू अपनाउनुपर्छ । भोलि आउने पुस्तालाई प्रविधिको सकारात्मक पक्ष सिकाउन र हौसला प्रदान गर्न, साथै नकारात्मक पक्ष र नगर्नुपर्ने कुराहरूलाई निरुत्साहित पार्न वयस्क जमातले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ ।

बालबालिकाका अभिभावक र अन्य वयस्क मानिसहरू उनीहरूको अनुकरणीय व्यक्ति (रोल मोडेल) हुन सक्छन् । उनीहरूलाई प्रविधिहरू कसरी र कुन बेला प्रयोग गर्ने भन्ने कुरा सिकाउन प्रेरणादायी बनाउने जिम्मेवारी अभिभावक, शिक्षक र अन्य वयस्कहरूको हो ।

(स्रोत: अनलाइनखबर)

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस **ब्लु हेवन टेलर्स** कान्तिराजपथस्थित **शाक्य प्लाजा** भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

*के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?*

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# इम्बोस्ड नम्बर प्लेटको शुल्क अस्वाभाविक महँगोः भौतिक मन्त्रालय

साझाकुरा संवाददाता




हेटौंडा, ५ पुस/लामो समयदेखि विवादको घेरामा रहेको इम्बोस्ड नम्बर प्लेटको शुल्क अस्वाभाविकरुपमा महँगो भएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको आन्तरिक अध्ययन समितिले निष्कर्ष निकालेको छ । मन्त्रालयका सहसचिव कृष्णराज पन्थको संयोजकत्वमा गठित समितिले अध्ययनपछि तयार पारेको प्रतिवेदनले इम्बोस्ड नम्बर प्लेटको मूल्य घटाउन सरकारलाई सुझाव दिएको छ ।

इम्बोस्ड नम्बर प्लेट जडानमा देखिएका समस्या र समाधानका उपाय सिफारिस गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्री कुलमान घिसिङले समिति गठन गरेका थिए । मन्त्रालयका सहसचिव पन्थका अनुसार सरकारले इम्बोस्ड नम्बर प्लेट जडानका लागि आवश्यक सम्पूर्ण पूर्वाधारको खर्च सेवाग्राही (सवारीधनी) बाट असुल्ने नीति लिएका कारण मूल्य महँगो पर्न गएको छ । 'इम्बोस्ड नम्बर प्लेटको शुल्क निर्धारण गर्दा नम्बर प्लेटको उत्पादन लागतमात्र नभई अन्य पूर्वाधारको खर्चसमेत जोडिएको पाइएको छ ।

जस्तै-आरएफआईडी गेट, सफ्टवेयर, कन्ट्रोल रुमको भवन निर्माण र प्लेटको लागत सबै जोडेर प्रतिप्लेट मूल्य निर्धारण गरेको देखिन्छ,' पन्थले भने, 'सबै लागत जोडेर त्यसमा सेवा शुल्क र अतिरिक्त नाफासमेत राखेर रेट फिक्स गर्दा सेवाग्राहीलाई धेरै महँगो पर्न गएको हो ।' इम्बोस्ड नम्बर प्लेटको उत्पादन लागत प्रतिप्लेट १२ अमेरिकी डलर पर्न जान्छ । ठेक्का सम्झौताअनुसार आपूर्ति कम्पनीले प्रतिप्लेट १५.५ डलर पाउने गरी सम्झौता भएको थियो । यो मूल्य अहिलेको डलर भाउ अनुसार करिब २२ सय रुपैयाँ प्रतिप्लेट पर्न आउँछ । तर, ठेक्का सम्झौता भएको समयको डलरको भाउ अहिलेको भन्दा सस्तो पर्न जान्छ ।

यातायात व्यवस्था विभागले दुईपांग्रे सवारीका लागि २ हजार ५०० रुपैयाँ तोकेको छ । तीनपांग्रेका लागि २ हजार ९०० रुपैयाँ, चारपांग्रेका लागि ३ हजार २०० रुपैयाँ र ठुला सवारीका लागि ३ हजार ६०० रुपैयाँ तोकेको छ । समितिले हालको मूल्य संरचना वैज्ञानिक नभएको निष्कर्ष निकाल्दै यसलाई घटाउन सुझाव दिएको छ । पन्थले भने, 'अहिलेको जसरी पूर्वाधारको खर्च सेवाग्राहीलाई बोकाउनु हुँदैन । युजरलाई प्लेटको चार्ज मात्र लगाउनुपर्छ, अन्य पूर्वाधार निर्माणको काम राज्यले गर्नुपर्छ । अहिलेको मूल्य घटाउनुपर्छ भन्ने हाम्रो सुझाव छ ।'

इम्बोस्ड नम्बर प्लेटमा नेपाली भाषा प्रयोग नभएको विषयमा लामो समयदेखि विरोध हुँदै आएको छ । सवारी तथा यातायात व्यवस्था ऐन, २०५९ को अनुसूचीलाई २०७४ साउन २५ गते राजपत्रमा सूचना प्रकाशित गरी संशोधन गर्दै प्लेटको भाषा अंग्रेजी हुने व्यवस्था गरेपछि नेपाली भाषामा हुनुपर्ने मागसहित विरोध भयो । अंग्रेजी भाषाको प्रयोग गरी देवनागरी लिपिलाई अवमूल्यन गरेको भन्दै सर्वोच्च अदालतमा मुद्दा परेको थियो । यस सन्दर्भमा सर्वोच्चले रिट खारेज गरिसकेको भएपनि सेवाग्राहीद्वारा अझै विरोध कायमै छ ।

तर, ठेक्का सम्झौता अनुसार अंग्रेजी भाषाको प्रयोग गर्नुपर्ने छ । भाषाको सन्दर्भमा सहसचिव पन्थले हालको ठेक्का सम्झौता नै अंग्रेजीमा गर्ने गरी भएकाले तत्काल परिवर्तन गर्न नसकिएको बताए । 'हामी नितान्त कन्ट्रयाक्टमा बाँधिएका छौं तर, जनगुनासोलाई सम्बोधन गर्दै अगाडि बढ्नुपर्छ भन्ने हाम्रो निष्कर्ष छ,' उनले भने । सहसचिव पन्थले अहिलेको युगमा डिजिटाइजेसन बाट पछि हट्न नसकिने भएपनि विगतमा गरिएका ठेक्का सम्झौतामा कमीकमजोरी औंल्याइएको बताए ।

समितिले तयार पारेको प्रतिवेदनमा पुराना ठेक्काका कमजोरी र भविष्यमा कसरी अगाडि बढ्ने भन्ने विषय समेटिएको छ । ठेक्का सम्झौतामा २५ लाख सवारी साधनका लागि इम्बोस्ड नम्बर प्लेट उत्पादन, १० वटा इम्बोस्ड नम्बर प्लेटलाई ट्र्याकिङ गर्ने आरएफआईडी गेट (रेडियो फ्रिक्वेन्सी आइडेन्टीटी डिभाइस गेट), १०० वटा हाते मेसिन (ह्यान्डहेल्ड डिभाइस) र चालु अवस्थाको नम्बर प्लेट छाप्ने फ्याक्ट्री सरकारलाई हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । त्यसबापत ३ करोड ८७ लाख रुपैयाँ सरकारले ठेकेदार कम्पनीलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर, पटकपटक म्यादथप हुँदा पनि सम्झौताअनुसार काम नभएको अध्ययनको सुझाव छ ।

सरकारले २०७२ जेठ १७ गते पाँच वर्षभित्र २५ लाख इम्बोस्ड नम्बर प्लेट उत्पादन गर्ने गरी बंगलादेश र अमेरिकाको संयुक्त लगानीमा रहेको डेकाटुर-टाइगर आईटी कम्पनीलाई ठेक्का दिइएको थियो । तर, यो अवधिमा भाषा र मूल्यको सन्दर्भमा विरोध हुँदा जडान सम्भव भएन । त्यसपछि २०७८ जेठ १३ गते अढाई वर्षका लागि म्याद थप गरियो । यो अवधिमा पनि जडान कार्यले गति लिन नसकेपछि २०८० असोज २३ गते आगामी २०८२ मङ्सिर ११ गतेसम्म म्याद थपिएको थियो । थपिएको म्याद अहिले सकिसकेको छ र सरकारले म्याद थपेर अघि बढाउने तयारी गरेको छ । यो प्रतिवेदन तयार भएपनि मन्त्री घिसिङलाई बुझाउन बाँकी रहेको पन्थले जानकारी दिए ।

# मकवानपुर जिल्ला बहुउद्देश्यीय सहकारी संघको साधारणसभा



साझाकुरा संवाददाता

हेटौंडा, ५ पुस/मकवानपुर जिल्ला बहुउद्देश्यीय सहकारी संघ लिमिटेडको १२औं वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ ।

संघका अध्यक्ष रामहरि न्यौपानेको अध्यक्षतामा साधारण सभामा भएको हो । कार्यक्रममा संघका अध्यक्ष न्यौपानेले आर्थिक वर्ष २०८१/८२ मा संघको प्रगति तथा आगामी आर्थिक वर्षको कार्यक्रम प्रस्तुत गरेका थिए । उनले विषम् परिस्थितिमा सहकारीले छाता संघको भूमिकाअनुसार परिआएका समस्या समाधान गर्ने, पैरवी गर्ने तथा विभिन्न तालिम कार्यक्रम सञ्चालन गर्दै आएको बताए । उनले बहुउद्देश्यीय सहकारीले आफ्नो उद्देश्य अनुसार काम गर्नुपर्ने धारणा राखे । उनले सरोकारवालाको सुझावलाई आत्मसात् गर्दै सदस्य संख्या विस्तार गर्दै साधारणसभामा पेस भएका कार्ययोजनालाई प्रभावकारी ढंगबाट कार्यान्वयनमा लगिने बताए ।

कार्यक्रममा संस्थाको आर्थिक प्रतिवेदन प्रस्तुत गर्दै संघका कोषाध्यक्ष पुरुषोत्तम कार्कीले संघको बचत रमक २९ लाख ४१ हजार ४९७, शेयरपुँजी १ लाख ४० हजार रुपैयाँ, अन्य कोषमा १ लाख ७७ हजार ६०६, जगेडा कोष २८ हजार ९७२ रुपैयाँ, शेयर लगानी ४० हजार, स्थिर सम्पत्ति ४७ हजार ६९४ र बैंक मौजदात १० लाख ३९ हजार ४२७ रहेको बताए । मकवानपुरमा ५० वटा बहुउद्देश्यीय सहकारी संस्थाहरु रहेका छन् । जसमध्ये ३० वटा सहकारी सक्रिय रहेको र जिल्ला बहुउद्देश्यीय सहकारी संघमा २३ वटा बहुउद्देश्यीय सहकारी संस्था आबद्ध रहेका छन् ।

कार्यक्रममा सहभागीले बहुउद्देश्यीय सहकारी संस्थालाई उत्पादनसँग जोड्नुपर्नेमा जोड दिएका छन् । सहकारी संस्था नीति र विधिअनुसार चल्नुपर्ने एवं सहकारीका सदस्यले सहकारीप्रति चासो र समय दिनुपर्ने बताएका थिए । संघले साधारणसभाको अवसरमा पत्रकार विवश अधिकारीलाई सम्मान गरेको छ ।

सञ्चारमाध्यमबाट सहकारीक्षेत्रको उन्नयनमा पुऱ्याएको योगदानको उच्चमूल्यांकन गर्दै उनलाई सम्मान गरिएको संघकी सचिव प्रतिमा श्रेष्ठले बताइन् । कार्यक्रममा संघका लेखा समिति संयोजक तथा राष्ट्रिय सहकारी बैंक लिमिटेड लगनखेल शाखाप्रमुख रामेश्वर अर्याल, बागमती प्रदेश सहकारी संघका उपसमिति सदस्य बिमल घिमिरे, नारायणी बहुउदेश्य सहकारी संघका सल्लाहाकार नीरञ्जन ढकालगायतको सहभागीता थियो ।

# मकवानपुरमा युवालाई नेतृत्व र भ्रष्टाचारविरुद्ध सचेत गराउँदै कार्यशाला



साझाकुरा संवाददाता

हेटौंडा, ५ पुस/समृद्ध मकवानपुर निर्माणमा युवाको भूमिका सशक्त बनाउने उद्देश्यसहित नेतृत्व कार्यशाला तथा युवाको उत्तरदायित्व विषयक एकदिने कार्यक्रम मकवानपुर मा सम्पन्न भएको छ ।

द काउन्सिल अफ जेनजी मकवानपुरको आयोजनामा शनिबार मनासचोकस्थित डाँफे प्यालेस होटलमा सम्पन्न कार्यशालाले युवामा नेतृत्व क्षमता विकास गर्नुका साथै भ्रष्टाचारविरुद्ध सचेतना फैलाउने सन्देश दिएको छ । कार्यशालामा मामाघर नेपालका संस्थापक तथा हेटौंडा क्याम्पसका प्राध्यापक डा. अर्पण पराजुलीले युवालाई नैतिक नेतृत्व, सामाजिक उत्तरदायित्व र राष्ट्र निर्माणमा युवाको भूमिकाबारे प्रेरणादायी प्रशिक्षण दिएका थिए । उनले युवा इमानदार, जिम्मेवार र सचेत बनेमात्र समाजमा सकारात्मक परिवर्तन सम्भव हुने बताए ।

व्यावसायिक एमसी तथा प्रशिक्षक रुपक कालिराजले नेतृत्व विकास, आत्मविश्वासका साथ सार्वजनिकरुपमा बोल्ने कला तथा युवाको सक्रिय सहभागिताबारे व्यावहारिक प्रशिक्षण दिएका थिए । उनको प्रस्तुतीले सहभागी युवामा आत्मविश्वास र नेतृत्वको भावना थप सुदृढ बनाएको सहभागीले बताएका छन् । कार्यक्रममा भ्रष्टाचार विरुद्ध आवाज उठाउने तरिका, पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन, सामाजिक परिवर्तनमा युवाको भूमिका तथा समृद्ध मकवानपुर निर्माणमा युवाको दायित्व जस्ता विषयमा गहन छलफल गरिएको थियो ।

आयोजक संस्थाका मकवानपुर संयोजक सुगम नेगीका अनुसार यस्ता कार्यक्रमले युवालाई सकारात्मक सोच, जिम्मेवार नेतृत्व र समाज परिवर्तनतर्फ अग्रसर गराउने विश्वास लिइएको छ । नेगीको सभाध्यक्षतामा भएको कार्यक्रमको सहजीकरण सफल दुतराजले गरेका थिए । कार्यक्रममा उपसंयोजक अनित परियारलगायत विभिन्न क्षेत्रका युवाको उल्लेखनीय सहभागिता रहेको थियो । कार्यशालाले युवालाई सचेत, सक्षम र जिम्मेवार नागरिककारुपमा अघि बढ्न प्रेरित गरेको सहभागीको प्रतिक्रिया रहेको छ ।

# मनहरीमा काँग्रेस जनप्रतिनिधि र वडा सभापति सम्मानित



साझाकुरा संवाददाता

हेटौंडा, ५ पुस/नेपाली काँग्रेस मनहरी गाउँपालिका समितिले पार्टीबाट निर्वाचित जनप्रतिनिधि र वडा सभापतिहरुलाई सम्मान गरेको छ ।

शनिबार मनहरीमा एक कार्यकमकाबीच बागमती प्रदेशका मुख्यमन्त्री एवम् पार्टी बागमती प्रदेशसभापति ईन्द्रबहादुर बानियाँद्वारा सम्मान प्रदान गरिएको हो । नेपाली काँग्रेस मनहरी गाउँसभापति प्रकाश वतौंलाको अध्यक्षतामा भएको कार्यक्रममा पार्टीको तर्फबाट मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती सहित ६ जना वडाध्यक्ष र ९ वटै वडाका पार्टी सभापतिलाई सम्मान गरिएको हो । कार्यक्रममा नेपाली काँग्रेस मकवानपुरका सभापति बुद्ध लामालाईसमेत सम्मान गरिएको थियो । पार्टीका पालिकास्तरीय नेता कार्यकर्ताको भेलाका साथै पार्टीको गतिविधिबारे समीक्षा गरिएको थियो । पार्टीको आगामी महाधिवेशन सफल बनाउन पनि छलफल भएको थियो ।

विभिन्न पार्टी परित्याग गरी १० जना कांग्रेसमा प्रवेश गरेका थिए । कार्यक्रममा मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार एवम् पार्टी मकवानपुर सभापति लामा, पार्टी बागमती प्रदेश सदस्य एवम् पूर्व भौतिक पूर्वाधार विकास राज्यमन्त्री सन्तबहादुर प्रजा, पार्टी प्रदेशसदस्य जानकी लामा, जानुका लामा, चम्फुरत्न लामा, नवराज उप्रेती, प्रदीप कोइराला, पार्टी जिल्ला सचिव भीमसेन महत, ईश्वर पाठक, सहसचिव इन्दिरा न्यौपाने, महासमिति सदस्य प्रभात दाहाल, राजेश भेटवाल, भरत लामा, लोकतान्त्रिक आदिवासी जनजाति संघका अध्यक्ष पदम तितुङलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

मुख्यमन्त्री बानियाँले मनहरीस्थित मनकामना मन्दिर संरक्षण र पूननिर्माणका लागि मन्दिर ब्यवस्थापन समितिलाई व्यक्तिगत रुपमा नगद ७५ हजार रुपैयाँ सहयोग गरेका छन् ।

# गजल मञ्च मकवानपुरको २३१ औं गजलयात्रा

साझाकुरा संवाददाता



हेटौंडा, ५ पुस/गजल मञ्च मकवानपुरको २३१ औं गजलयात्रा शनिबार हेटौंडामा सम्पन्न भएको छ । मञ्चका अध्यक्ष संजित श्रेष्ठको सभाध्यक्षतामा भएको गजलयात्रामा वरिष्ठ साहित्यकार, कवि एवं गजलकार तुलसी घिमिरेको प्रमुख आतिथ्यता थियो ।

कार्यक्रम साहित्य संगम मकवानपुर तथा सिस्नुपानी नेपाल, मकवानपुरको सभाहलमा आयोजना गरिएको हो । कार्यक्रममा वरिष्ठ साहित्यकार तथा कवि आरआर चौलागाईं, मञ्चका संरक्षक तथा सल्लाहकार मुक्तिगोविन्द वैद्य, पूर्वअध्यक्ष एवं सल्लाहकार देवराज तिवारी, पूर्वअध्यक्ष मुस्कान तिमल्सिना, साहित्यकार राजकुमार लामिछाने, राजुराम राउतलगायत मकवानपुरमा क्रियाशील विभिन्न साहित्यिक संस्थाका प्रतिनिधिको उपस्थिति रहेको थियो ।

नियमित गजलयात्रा अन्तर्गत राम कार्की, नवीन दर्लामी मगर, राजकुमार चौधरी, अजर फुयाँल, राजुराम राउत, मुस्कान तिमल्सिना, देवराज तिवारी, आर आर चौलागाईं, तुलसी घिमिरेले आआफ्ना गजलवाचन, गायन तथा मन्तव्य प्रस्तुत गरेका थिए । मञ्चकी कोषाध्यक्ष स्वस्तिका दाहालले सहजीकरण गरेको कार्यक्रममा सदस्य प्रविना प्रयासिले स्वागत मन्तव्य राखेकी थिइन् । गजल मञ्च मकवानपुरले निरन्तर रुपमा गजलयात्रामार्फत स्थानीय साहित्यिक गतिविधिलाई सशक्त बनाउँदै आएको छ ।

# नवोदयमा शिक्षक तथा कर्मचारीको पुस्तक परिचर्चा

साझाकुरा संवाददाता



हेटौंडा, ५ पुस/हेटौंडा-४ स्थित नवोदय शिशुसदन अंग्रेजी माध्यमिक विद्यालयमा आबद्ध शिक्षक तथा कर्मचारीलाई लक्षित गरी पुस्तक परिचर्चा कार्यक्रम गरिएको छ ।

पठनसंस्कृतिको प्रवर्द्धन गर्ने उद्देश्यले शुक्रबार नवोदय पुस्तकालयको आयोजनामा पुस्तक परिचर्चा कार्यक्रम भएको हो । कार्यक्रममा शिक्षक तथा कर्मचारी गरी १२ जनाले आफूले अध्ययन गरेका पुस्तकको परिचर्चा गरेका थिए । सहभागीले पुस्तकको मुख्य विषयवस्तु, सन्देश र व्यक्तिगत प्रभावबारे संक्षिप्तरुपमा विचार राख्दै अरुलाई पनि पुस्तक पढ्न प्रेरणा प्रदान गरेका छन् । शिक्षक तथा कर्मचारीमा नियमित अध्ययनको प्रवृत्ति विकास गर्न सहयोग पुग्ने हेतुले कार्यक्रम आयोजना गरिएको नवोदय पुस्तकालय विभाग प्रमुख अन्जिता मिश्रले बताए ।

विद्यालयले प्रत्येक वर्ष तीनवटा पुस्तक परिचर्चा कार्यक्रम आयोजना गर्ने योजना रहेको छ । जसमध्ये यो २०८२ सालको दोस्रो पुस्तक परिचर्चा कार्यक्रम रहेको उनको भनाइ थियो । कार्यक्रममा सहभागिता जनाउनु भएका शिक्षक तथा कर्मचारीलाई विद्यालयका सहायक प्रधानाध्यापक सचिता पाण्डे, शौक्षिक प्रमुख मन्चन तिवारी, तालिम विभाग प्रमुख हर्कबहादुर कार्कीले प्रमाणपत्र प्रदान गरेका थिए ।

## जनहितमा जारी सूचना

तपाईको घर वा परिवारमा हुने
गरेका जन्म, मृत्यु, विवाह,
बसाईसराई, सम्बन्ध विच्छेद
लगायतका घटनाहरु समयमै
सम्बन्धित वडा कार्यालयहरुमा
गई दर्ता गराउन हुन समस्त
वडाबासीमा अनुरोध गर्दछौं ।

हेटौंडा उपमहानगरपालिका
८ नं. वडा कार्यालय
हेटौंडा, कमाने, मकवानपुर

## चिसो मौसममा हुने स्वास्थ्य समस्याबाट बचौं ।

**जाडो तथा चिसोको समयमा:**

- मौसमी रुघाखोकी, भाईरल ज्वरो, छातीको समस्या, दम, निमोनिया, झाडापखला, छाला सुख्खा हुने, जोर्नी दुखाई, पिनास, टन्सिल, हृदयघात लगायतका स्वास्थ्य समस्या देखा पर्न सक्छन् ।
- बालबालिका, वृद्धवृद्धा तथा दीर्घरोगीहरु बढी प्रभावित हुन सक्छन् ।
- चिसो मौसममा बाक्लो र न्यानो कपडा लगाऔं ।
- तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं र खुवाऔं ।
- शारीरिक व्यायाम गरौं, धुम्रपान/मद्यपान नगरौं ।
- घर तथा कोठा न्यानो बनाऔं ।
- नियमित घाम ताप्ने गरौं ।

*स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना